वर्ष २० | अंक ९६ | काठमाडौं | मंगलवार, १६ पुस २०८१ | Tuesday, 31 December 2024 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

www.abhiyandaily.com

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक




कर्णालीका नौ जिल्लामा गुणस्तर परीक्षण प्रयोगशाला स्थापना हुँदै २

ग्लोबल आइएमई बैंकको वार्षिकोत्सवको अवसरमा प्रभातफेरी कार्यक्रम ३

तयारी पोशाक उद्योगको विकासमा समग्र पहुँच ४

ओमोडा एन्ड जेइकोको ब्रान्ड एम्बासडरमा क्रिकेटर दीपेन्द्र सिंह ऐरी नियुक्त ८





# वित्तीय सहकारी नियमनको अधिकार ६ वर्षपछि फेरि संघमै

## अनुगमन कमजोर हुँदा बचत तथा ऋण सहकारीमा धमाधम समस्या देखिन थालेपछि संघीय सरकारले अध्यादेशबाट अनुगमनको अधिकार केन्द्रमा ल्याएको हो

**यादव हुमागाई**

काठमाडौं

सरकारले ६ वर्षपछि बचत तथा ऋण कारोबार गर्ने सहकारीको नियमन गर्ने अधिकार पुनः संघमै फिर्ता ल्याएको छ। स्थानीय तथा प्रदेश तहले सहकारीको वित्तीय कारोबार अनुगमन गर्न नसक्दा जोखिम बढेपछि संघीय सहकारी ऐन, २०७४ संशोधन गरी राष्ट्रिय सहकारी नियमन प्राधिकरणमार्फत बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारीको नियमन, अनुगमन, सुपरिवेक्षणलगायत जिम्मेवारी संघीय सरकारलाई दिएको हो ।

संविधानको अनुसूचीमा सहकारीलाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्रमा समेटिएपछि २०७४ असारमा संघीय सरकारले संस्थाहरूको दर्ता अभिलेख कार्यक्षेत्रका आधारमा प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गरेको थियो । त्यसअनुसार एक स्थानीय तहभित्र कार्यक्षेत्र भएका सहकारी स्थानीय तहमा, एकभन्दा बढी स्थानीय तह कार्यक्षेत्र भएका सहकारी प्रदेशमा र एक प्रदेशभन्दा बढी कार्यक्षेत्र भएका सहकारीहरू संघ मातहत हस्तान्तरण भइसकेका छन् ।

सरकारले अभिलेख हस्तान्तरण गरेपछि प्रदेश र स्थानीय तहहरूले छुट्टाछुट्टै ऐन निर्माण गरी सहकारीको दर्ता र अनुगमनको काम शुरू गरेका छन् । तर, अनुगमन कमजोर हुँदा बचत तथा ऋण सहकारीमा धमाधम समस्या देखिन थालेपछि संघीय सरकारले अध्यादेशबाट अनुगमनको अधिकार केन्द्रमा ल्याएको हो ।

सम्पत्ति शुद्धीकरणसम्बन्धी क्षेत्रीय संस्था- एशिया प्यासिफिक ग्रूप (एपीजी) ले गतवर्ष सहकारीको नियमन प्रभावकारी नभएको, संस्थागत सुशासन कमजोर रहेको र सम्पत्ति शुद्धीकरणको जोखिमसमेत उच्च रहेको मूल्यांकन गरेपछि छुट्टै नियमनकारी निकाय बनाउन सरकारलाई दबाबसमेत बढेको थियो । सरकारले लामो समयदेखि आफ्नो नीति, कार्यक्रम र बजेटमा सहकारीको नियमन गर्न छुट्टै निकाय गठन गर्ने बताउँदै आएको थियो ।

सम्पत्ति शुद्धीकरणसम्बन्धी अन्तरदेशीय संस्था फाइनान्सियल एक्शन टास्क फोर्स (एफएटीएफ) को गतवर्ष असारमा भएको प्लेनरीमा विभिन्न ऐन संशोधन गरी एपीजीले औंल्याएका कमजोरी सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो । त्यसअनुसार सरकारले सहकारी ऐन र नेपाल राष्ट्र बैंक ऐन संशोधन विधेयक दर्ता गर्दा सहकारीमा बचतको सीमा राख्न र

- २०७४ असारमा संघीय सरकारबाट संस्थाको दर्ता अभिलेख कार्यक्षेत्रका आधारमा प्रदेश र स्थानीय तहमा हस्तान्तरण
- ३४ हजार ५१२ सहकारी संस्थामध्ये २९ हजार स्थानीय तह मातहत, ५ हजार प्रदेश मातहत र १५० संघ मातहत
- सरकारले अभिलेख हस्तान्तरण गरेपछि प्रदेश र स्थानीय तहबाट पनि छुट्टाछुट्टै ऐन जारी गरी सहकारीको दर्ता तथा अनुगमनको काम शुरू
- सम्पत्ति शुद्धीकरण निवारण मूल्यांकन प्रतिवेदन र सहकारी संस्थाको संस्थागत सुशासनको अवस्थाले अनुगमनको जिम्मा केन्द्र मातहत ल्याइएको सरकारको भनाइ
- बचत तथा ऋण सहकारीलाई राष्ट्रिय, प्रदेश र जिल्लास्तरमा वर्गीकरण गरी एक व्यक्तिले क्रमशः ५० लाख, २५ लाख र १० लाखसम्म मात्र बचत राख्न पाउने सीमा
- एउटै व्यक्तिले करोडौं रकम जम्मा गरेको र त्यसमा सम्पत्ति शुद्धीकरणको समेत आशंका भएकाले सीमा तोक्नुपरेको सरकारको दाबी

वार्षिक ५० करोड रुपैयाँभन्दा बढी कारोबार भएका संस्थाको नियमन राष्ट्र बैंकबाट गर्न प्रस्ताव गरेको थियो । तर, संघीय संसद्बाट उक्त व्यवस्था पारित नभएपछि सरकारले अध्यादेशबाट नयाँ प्रावधान ल्याएको हो ।

एपीजीले आगामी जनवरीमा सम्पत्ति शुद्धीकरण निवारणमा नेपालले गरेको प्रगतिको समीक्षा गर्दै छ । उक्त समीक्षाका आधारमा एफएटीएफले नेपाललाई सम्पत्ति शुद्धीकरणको खैरो सूची (ग्रे लिस्ट) मा राख्ने/नराख्ने निर्णय गर्नेछ । उक्त समयसीमा नजिकिँदै गर्दा सरकारले हतारहतार अध्यादेशबाट कानून संशोधन गरेको हो ।

भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयका सचिव अर्जुनप्रसाद पोखरेल सम्पत्ति शुद्धीकरण निवारण मूल्यांकन प्रतिवेदन र सहकारी संस्थाहरूको संस्थागत सुशासनको अवस्थाले बचत तथा ऋण सहकारी अनुगमनको जिम्मा संघीय सरकारअन्तर्गत नै ल्याइएको र यसका लागि शक्तिशाली नियमनकारी निकायको प्रावधान राखिएको बताउँछन्। 'एपीजीको प्रतिवेदनका आधारमा पनि हामीलाई बचत तथा ऋण सहकारीको नियामक बनाउन दबाब थियो,' उनले भने, 'प्रदेश र स्थानीय तहहरूले अनुगमन पनि गर्न सकेनन् र संस्थाहरूमा पनि समस्या बढेपछि प्राधिकरणको व्यवस्था गरिएको हो ।' स्थानीय तहहरूले वित्तीय कारोबार गर्ने सहकारीको अनुगमन संघीय सरकारले नै गरोस् भन्ने राय व्यक्त गरेको समेत उनले दाबी गरे ।

संविधानमा प्रदेश र स्थानीय तहको एकल अधिकार तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा सहकारीलाई राखिएको छ । सहकारीको निमयन संघको एकल अधिकारको सूचीमा भए पनि अधिकार बाँडफाँट गर्ने कार्यविस्तृतीकरण प्रतिवेदनमा संस्था दर्तादेखि नियमनसम्मको अधिकार स्थानीय तहसम्म दिनु गल्ती भएको राष्ट्रिय योजना आयोगका तत्कालीन सदस्य डा. जयकान्त राउतको संयोजकत्वमा गठन गरेको सहकारी क्षेत्र सुधार सुझाव कार्यदलको प्रतिवेदनले २ वर्षअघि नै औंल्याएको थियो ।

सहकारी विभागको २०७४ सालको तथ्यांकअनुसार देशभरका ३४ हजार ५१२ संस्थामध्ये सबैभन्दा बढी २९ हजार स्थानीय तह मातहत छन् । प्रदेश मातहतमा ५ हजार र संघ मातहत १५० मात्र छन् ।

अध्यादेशमा बचत तथा ऋण सहकारी नियमनको अधिकार प्राधिकरणमा मात्र राखिएको छ । अध्यादेशमा प्राधिकरणमा रहेको अधिकार प्रदेश र स्थानीय तहबाट समेत कार्यान्वयन गर्न सक्ने प्रावधान राखिएकाले उनीहरूको अधिकार खोसिएको रूपमा अर्थ्याउन नमिल्ने मन्त्रालयका सचिव पोखरेलको तर्क छ । 'प्राधिकरणले आफूमा निहित अधिकार संघ, प्रदेश र स्थानीय रजिस्ट्रारमार्फत कार्यान्वयन गर्न सक्ने प्रावधान राखिएको छ,' उनले भने, 'मापदण्ड बनेपछि दर्ता, अनुगमनको काम प्रदेश र स्थानीय तहबाट समेत हुन्छ ।'

सहकारी विभागका पूर्वरजिस्ट्रार तथा सहकारीविज्ञ सुदर्शन ढकाल वित्तीय सहकारीको नियमन विशेषज्ञ काम भएकाले त्यो क्षमता प्रदेश र स्थानीय सरकारमा नहुने बताउँछन् । 'वित्तीय कारोबारको नियमन गर्न विज्ञता चाहिन्छ, त्यसैले यो काम कि केन्द्रीय बैंकले गर्नुपर्छ या छुट्टै निकाय हुनुपर्छ,' उनले भने, 'नयाँ अध्यादेशबाट सहकारी नियमनका लागि प्राधिकरण गठन र राष्ट्र बैंकको दायराभित्र पनि समेटिनु उपयुक्त छ ।'

अध्यादेशमा हालको राष्ट्रिय सहकारी विकास बोर्डलाई नै प्राधिकरणमा रूपान्तरण गरी बचत तथा ऋण सहकारी नियमनको जिम्मेवारी तोकिएको छ । प्राधिकरण सञ्चालक समितिमा नेपाल राष्ट्र बैंकको समेत प्रतिनिधित्व हुने व्यवस्था छ ।

यसैगरी अध्यादेशले सहकारीमा भइरहेको कारोबारलाई खुम्च्याउने गरी व्यक्तिगत बचतमा सीमा पनि तोकिदिएको छ । बचत तथा ऋण सहकारीलाई राष्ट्रिय, प्रदेश र जिल्लास्तरमा वर्गीकरण गरी एक व्यक्तिले क्रमशः ५० लाख, २५ लाख र १० लाख रुपैयाँसम्म मात्र बचत राख्न पाउने गरी सीमा तोकिएको छ । एक व्यक्ति एउटा मात्र बचत तथा ऋण सहकारीको सदस्य बन्न पाउने व्यवस्था पनि अध्यादेशमा छ ।

सहकारी अभियन्ताहरूले नियमनका लागि प्राधिकरण गठनलाई स्वागत गरे पनि बचतमा सीमा तोक्ने व्यवस्थामा आपत्ति व्यक्त गरेका छन् । बागमती प्रदेश सहकारी संघका अध्यक्ष रामशरण शर्मा घिमिरे व्यक्तिगत बचतमा सीमा तोक्नु सहकारीको स्वायत्तताविपरीत रहेको बताउँछन् । 'नियमन प्रभावकारी हुनुपर्छ भन्ने विषयमा हामीले पनि आवाज उठाउँदै आएका हौं,' उनले भने, 'यसको नाममा व्यक्तिगत बचतमा सीमा तोक्ने प्रावधान मान्य छैन ।'

» बाँकी पृष्ठ ५ मा

# भारततर्फ तस्करी हुँदा चीनबाट लसुनको अस्वाभाविक आयात : भन्सार विभाग

## चालू वर्षको ५ महीनामै चीनबाट ५ अर्ब ३६ करोड बराबरको लसुन आयात

**प्रशान्त खड्का**

काठमाडौं



चीनबाट अस्वाभाविक रूपमा लसुन आयात बढ्नुमा यसको भारत तस्करी जिम्मेवार रहेको भन्सार विभागको प्रारम्भिक अध्ययनले देखाएको विभागका एक उच्च अधिकारीले बताएका छन् ।

चालू आर्थिक वर्ष (आव) को शुरूदेखि नै चीनबाट अस्वाभाविक रूपमा लसुन आयात भएको विभागको तथ्यांकले देखाउँछ ।

चालू आवको ५ महीनामै ५ अर्ब ३६ करोड रुपैयाँ बराबरको ४० हजार टन लसुन आयात भएको विभागको तथ्यांक छ । मूल्यको हिसाबले यो आयात अघिल्लो आवको सोही अवधिको तुलनामा ७९० प्रतिशतले धेरै हो ।

गत आवको सोही अवधिमा चीनबाट ६० करोड २१ लाख रुपैयाँको ४ हजार ६०० मेट्रिक टन लसुन आयात भएको थियो ।

यसरी अस्वाभाविक रूपमा लसुन भित्रिएपछि अर्थ मन्त्रालयले विभागलाई यसको कारण खोज्न निर्देशनसमेत दिएको थियो । 'हाम्रो प्रारम्भिक अध्ययनले नेपाल-भारतबीचको खुला सिमानाको फाइदा उठाउँदै व्यवसायीले चीनबाट आयात गरेर भारततर्फ तस्करी गरेको पाइएको छ,' विभागका सूचना अधिकारी मुक्तिप्रसाद श्रेष्ठले आर्थिक अभियानसँग भने ।

उनका अनुसार विभागले आयातकर्ता व्यवसायीसँग पनि यसबारे छलफल गरेको थियो । उक्त छलफलका आधारमा चीनबाट लसुन आयात गरेर अवैध बाटोबाट भारत निकासी भइरहेको खुलेको हो । 'विभागले गरेको अध्ययनअनुसार चीनबाट लसुन आयात गरेर यसरी अवैध रूपमा भारततर्फ निकासी गर्न अधिकांश नयाँ व्यवसायी संलग्न भएको पाइएको छ,' श्रेष्ठले भने ।

नेपाल र भारतमा फल्ने लसुनको दाँजोमा चिनियाँ लसुन पोटिलो र ठूलो छ, यसको प्रयोग पनि सहज हुने भएकाले चाइनिज लसुनप्रति भारतीय बजारमा समेत आकर्षण बढिरहेको व्यवसायी बताउँछन् ।

अस्वाभाविक आयातको कारण पत्ता लगाउन र त्यसको निकासी कहाँ भइरहेको छ भन्नेबारे सूक्ष्म अध्ययन गर्न विभागलाई निर्देशन दिइएको अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराईले जानकारी दिए ।

चीनबाट लसुन आयात

| आर्थिक वर्ष | आयात मूल्य (रूपैयाँ) | आयात परिमाण (मेट्रिक टन) |
|---|---|---|
| २०८१/८२ मङ्सिर मसान्तसम्म | ५ अर्ब ३६ करोड | ४० हजार |
| २०८०/८१ | २ अर्ब २२ करोड | १७ हजार |
| २०७९/८० | १ अर्ब ११ करोड | ९ हजार |
| २०७८/७९ | १ अर्ब ४ करोड | ९ हजार |
| २०७७/७८ | १ अर्ब ४ करोड | ९ हजार |

*स्रोत : भन्सार विभाग*


- यस वर्षको ५ महीनामा अघिल्लो वर्षको तुलनामा ७९० प्रतिशतले बढ्यो आयात
- अस्वाभाविक आयातबारे सूक्ष्म अध्ययन गर्न भन्सार विभागलाई अर्थ मन्त्रालयको निर्देशन
- प्रारम्भिक अध्ययनअनुसार भारततर्फ तस्करी भएको भन्सार विभागको निष्कर्ष
- चिनियाँ लसुन पोटिलो र ठूलो भएका कारण प्रयोग पनि सहज हुने भएकाले लोकप्रिय

उनका अनुसार विगतमा नेपालमा खपत हुने लसुनको परिमाण र आयातको अवस्थाबारे समेत सूक्ष्म अध्ययन गरी मन्त्रालयमा रिपोर्टिङ गर्न अर्थले निर्देशन गरेको छ । विभागको पछिल्ला ४ वर्षको तथ्यांक हेर्दा चीनबाट आयात हुने लसुनको मात्रा अघिल्ला ३ आवको तुलनामा २०८०/८१ देखि केही बढेको देखिएको छ । तर, चालू वर्षको आयात भने बढी नै अस्वाभाविक देखिएको छ ।


कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांकअनुसार नेपालमा करीब साढे ९ हजार हेक्टर जमीनमा लसुन खेती गरिन्छ । आव २०७९/८० मा नेपालमा ९ हजार ५७० हेक्टर जमीनमा ७३ हजार ५७६ मेट्रिक टन लसुन उत्पादन भएको मन्त्रालयको तथ्यांक छ । व्यवसायीले भने चीनमा यतिबेला लसुन भित्र्याउने समय भएको र नेपालमा भर्खरै रोपेकाले आयात बढेको बताएका छन् । कालीमाटी फलफूल तथा तरकारी बजार व्यवसायी समितिका अध्यक्ष गीताप्रसाद आचार्य भन्छन्, 'अहिले चीनमा नयाँ लसुन उत्पादन हुने समय हो । तर, हाम्रोमा चैत/वैशाखतिर मात्रै नयाँ लसुन उत्पादन हुन्छ । त्यस कारण यहाँ आयात बढेको हो । तर, अहिलेको आयात केही अस्वाभाविक देखिएको छ ।'

केही व्यापारीले चिनियाँ लसुन नेपाल हुँदै भारत पनि गएकाले आयात बढेको बताएका छन् । नेपाली व्यापारीले यतिबेला चीनबाट लसुन आयात गरेर भारतमा समेत निर्यात गरिरहेकाले आयात अस्वाभाविक देखिएको उनीहरूको भनाइ छ ।


नेप्से परिसूचक



सुन (तोला)



अमेरिकी डलर



# ६ वटा लघुबीमा कम्पनीको आईपीओ आउँदै

## नेपाल धितोपत्र बोर्डले प्राथमिकता क्रमका आधारमा काम अघि बढाउने

**प्रजिता बुढाथोकी**

काठमाडौं

आधा दर्जन लघु बीमा कम्पनीले अहिले पूँजी बढाउन प्रारम्भिक शेयर निष्कासन (आईपीओ) को प्रक्रिया थालेका छन् । नेपालमा तीन जीवन र चार निर्जीवन गरी सात लघुबीमा कम्पनी सञ्चालनमा छन् । एउटाबाहेक अन्य ६ ओटा कम्पनीले आईपीओका लागि नेपाल बीमा प्राधिकरणबाट सैद्धान्तिक स्वीकृति पाएका छन् । यसमध्ये गार्डियन माइक्रो लाइफ इन्स्योरेन्सले पुस २१ गतेदेखि सर्वसाधारणमा आईपीओ जारी गर्दै छ । नेपाल धितोपत्र बोर्ड (सेबोन) बाट पनि स्वीकृति पाएपछि यसले आईपीओ जारी गर्न लागेको हो । अन्य पाँचओटाले विभिन्न मितिमा प्राधिकरणबाट आईपीओका लागि सैद्धान्तिक स्वीकृति पाएको अवस्था छ । उनीहरूले अब धितोपत्र बोर्डबाट स्वीकृति लिनुपर्ने हुन्छ। क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स, नेपाल माइक्रो इन्स्योरेन्स, प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स, स्टार माइक्रो इन्स्योरेन्स र लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्सले सैद्धान्तिक स्वीकृति पाएका हुन् ।

शेयर निष्कासन प्रक्रियामा गएका कम्पनी

| कम्पनी | निष्कासन गर्न लागेको कित्ता | अवस्था |
|---|---|---|
| क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स | २,२५०,००० | २०८१ भदौ २० गते सेबोनमा निवेदन |
| नेपाल माइक्रो इन्स्योरेन्स | २,२५०,००० | २०८१ भदौ २४ गते सेबोनमा निवेदन |
| प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स | २,२५०,००० | २०८१ असोज २० गते सेबोनमा निवेदन |
| स्टार माइक्रो इन्स्योरेन्स | २,२५०,००० | २०८१ मङ्सिर ९ गते सेबोनमा निवेदन |
| लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स | २,२५०,००० | २०८१ मङ्सिर २० गते सेबोनमा निवेदन |
| गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स | २,२५०,००० | पुस २१ देखि सर्वसाधारणमा शेयर जारी गर्दै |

*स्रोत : नेपाल धितोपत्र बोर्ड (सेबोन)*

सात लघुबीमा कम्पनीमध्ये अब ट्रष्ट माइक्रो इन्स्योरेन्सले मात्र आईपीओ निष्कासनका लागि प्राधिकरणबाट सैद्धान्तिक सहमति पाउन बाँकी छ । आईपीओ निष्कासन प्रक्रियामा जान लघुबीमा कम्पनीहरूलाई कारोबार सञ्चालनको १ वर्ष पूरा हुनुपर्ने व्यवस्था छ। बीमा ऐनमा भएको व्यवस्थाबमोजिम बीमकले बीमा व्यवसाय शुरू गरेको १ वर्ष पूरा भएका कम्पनीलाई आईपीओ निष्कासनका लागि सैद्धान्तिक सहमति प्रदान गरेको प्राधिकरणका उपनिर्देशक एवम् कानून विभाग प्रमुख साम्भराज लामिछानेले बताए ।

» बाँकी पृष्ठ ५ मा

# पोखरा फाइनान्स संकटउन्मुख

काठमाडौं (अस) । राष्ट्रियस्तरको वित्त कम्पनी पोखरा फाइनान्स संकटउन्मुख अवस्थामा पुगेको छ । कम्पनीको खराब कर्जा लगातार वृद्धि हुनुका साथै पूँजीकोष अनुपात पनि तोकिएको मापदण्डभन्दा तल झरेपछि नेपाल राष्ट्र बैंकले शीघ्र सुधारात्मक कारबाहीको तयारी गरेको छ ।

राष्ट्र बैंकको निर्देशनअनुसार फाइनान्सको वित्तीय अवस्था सुधार नभएकाले कारबाही गर्नुपर्ने अवस्था देखिएको स्रोतले बताएको छ । 'हामी फाइनान्सको अवस्था विश्लेषण गरिरहेका छौं,' स्रोतले भन्यो, 'यसको अहिलेको वित्तीय अवस्था भनेको शीघ्र सुधारात्मक कारबाही हुने अवस्था हो ।'

फाइनान्स कम्पनीको चालू आर्थिक वर्षको असोजसम्मको तथ्यांकअनुसार यसले १२ अर्ब ३९ करोड रुपैयाँ निक्षेप संकलन गरी ७ अर्ब ५७ करोड रुपैयाँ कर्जा प्रवाह गरेको छ । उक्त अवधिसम्म फाइनान्स ४ करोड ९० लाख रुपैयाँ घाटामा छ ।

यसैगरी असोजमा यसको खराब कर्जा अनुपात १४ दशमलव ४४ प्रतिशत छ । गत आवको यसै अवधिमा कम्पनीको खराब कर्जा अनुपात ४ दशमलव १३ प्रतिशत मात्र थियो । यस्तै गत आवको असोजमा १४ दशमलव २९ प्रतिशत पूँजीकोष अनुपात रहेकोमा घटेर यस वर्ष असोजमा १० दशमलव ९९ प्रतिशत कायम भएको छ ।

राष्ट्र बैंकको निर्देशनअनुसार वित्तीय संस्थाको खराब कर्जा ५ प्रतिशतभन्दा बढी र पूँजीकोष अनुपात १० प्रतिशतभन्दा कम भएको अवस्थामा शीघ्र सुधारात्मक कारबाही गर्न सक्छ ।

» बाँकी पृष्ठ ५ मा

# कर्णालीका नौ जिल्लामा गुणस्तर परीक्षण प्रयोगशाला स्थापना हुँदै

काँक्रेविहार (सुर्खेत) । कर्णालीका नौ जिल्लामा गुणस्तर परीक्षण प्रयोगशाला स्थापना हुने भएका छन् । चालू आर्थिक वर्षभित्रमा ती जिल्लामा प्रयोगशाला स्थापना गरिने भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयका सूचना अधिकारी प्रविण कार्कीले बताए ।

प्रयोगशाला सञ्चालन गर्न नौ जना प्रयोगशाला प्राविधिकको दरबन्दी सृजना गरेर प्रक्रिया प्रारम्भ भएको उनले जानकारी दिए । प्रदेश राजधानी सुर्खेतमा आर्थिक वर्ष २०७९/०८० मा प्रयोगशाला स्थापना भइसकेको छ । हाल उक्त प्रयोगशालाले कर्णालीका सबै जिल्लाको काम गर्दै आएको छ । वार्षिक रू. २० लाख आम्दानी पनि भएको उनले बताए । प्रयोगशालामा बालुवा, सिमेन्ट, गिट्टीलगायत निर्माण सामग्रीको गुणस्तर परीक्षण हुनेछ । ढलान भएका संरचना, कालोपत्र गरिएका सडक, ढलान हुनुअघिको 'बेस' र 'सव-बेस'को 'डेन्सिटी' परीक्षण पनि हुनेछ । *रासस*


## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

**(प्रकाशित मितिः २०८१/०९/१६ को आर्थिक अभियान राष्ट्रिय दैनिक)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरण**

**१. ऋणीको नामः गौतम बुद्ध मावली आयल सप्लायर्स** **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा र आवधिक कर्जा
(नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय रुपन्देहीमा दर्ता रहेको) दर्ता नं.: ३८१७०/०७३, दर्ता मितिः २०७३/०७/०१, स्थायी लेखा नं.: ६०५२०३७८३, ठेगानाः रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३ ।

**प्रोप्राईटरः**
**हयाराम थारुः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ९७३२ (२०५७/०९/१०/रुपन्देही), बाजेको नामः रुपन थारु, बाबुको नामः निराही थारु, ठेगानाः रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. राज कुमारी थारूः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६/२८९० (२०४६/०२/२८/रुपन्देही), बाबुको नामः ठाकुर प्रसाद थारु, ससुराको नामः रुपन थारु, पतिको नामः निराही थारु, ठेगानाः रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३ ।
**ख. शारदा चौधरीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३७३०२८/१९७ (२०६३/१०/२५/रुपन्देही), बाबुको नामः शंकर प्रसाद चौधरी, ससुराको नामः निराही थारु, पतिको नामः हयाराम थारु, ठेगानाः रुपन्देही जिल्ला, ख बनगाई गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३ ।

**२. ऋणीको नामः हयाराम थारु** **कर्जा शिर्षकः** व्यक्तिगत ओभरड्राफ्ट
ना.प्र.प.नं. (जारी मिति/स्थान): ९७३२ (२०५७/०९/१०/रुपन्देही), बाजेको नामः रुपन थारु, बाबुको नामः निराही थारु, ठेगानाः रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. राज कुमारी थारूः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६/२८९० (२०४६/०२/२८/रुपन्देही), बाबुको नामः ठाकुर प्रसाद थारु, ससुराको नामः रुपन थारु, पतिको नामः निराही थारु, ठेगानाः रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३ ।
**ख. शारदा चौधरीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३७३०२८/१९७ (२०६३/१०/२५/रुपन्देही), बाबुको नामः शंकर प्रसाद चौधरी, ससुराको नामः निराही थारु, पतिको नामः हयाराम थारु, ठेगानाः रुपन्देही जिल्ला, ख बनगाई गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३ ।

**३. ऋणीको नामः शारदा चौधरी** **कर्जा शिर्षकः** सम्पति धितो कर्जा
ना.प्र.प.नं. (जारी मिति/स्थान): ३७३०२८/१९७ (२०६३/१०/२५/रुपन्देही), बाबुको नामः शंकर प्रसाद चौधरी, ससुराको नामः निराही थारु, पतिको नामः हयाराम थारु, ठेगानाः रुपन्देही जिल्ला, ख बनगाई गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. राज कुमारी थारूः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६/२८९० (२०४६/०२/२८/रुपन्देही), बाबुको नामः ठाकुर प्रसाद थारु, ससुराको नामः रुपन थारु, पतिको नामः निराही थारु, ठेगानाः रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३ ।
**ख. हयाराम थारुः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ९७३२ (२०५७/०९/१०/रुपन्देही), बाजेको नामः रुपन थारु, बाबुको नामः निराही थारु, ठेगानाः रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३ ।
**ग. भगौती थारुः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ११९८७ (२०६०/०४/०७/रुपन्देही), बाजेको नामः रुपन थारु, बाबुको नामः निराही थारु, ठेगानाः रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३ ।
**घ. सुन केशरी चौधरीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३७१००२/३३३३५ (२०६९/०४/२९/रुपन्देही), बाजेको नामः रुपन थारु, बाबुको नामः निराही चौधरी, ठेगानाः रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३ ।

**माथि उल्लेखित तिन नै ऋणीहरुको लागि धितो लेखिदिएको सम्पत्तिको विवरणः**
रुपन थारुको नाति, निराही थारुको छोरा, रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३ बस्ने **हयाराम थारु**को नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स./न.पा. वडा नं. ४/ग स्थित कि.नं. ७९० को क्षेत्रफल ०-१७-४.५-० विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**ऋणी गौतम बुद्ध मावली आयल सप्लायर्स र ऋणी शारदा चौधरीको लागि धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः**
ठाकुर प्रसाद थारुको छोरी, रुपन थारुको बुहारी, निराही थारुको पत्नी, रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३ बस्ने **राज कुमारी थारू**को नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स./न.पा. वडा नं. ४/ग स्थित कि.नं. १२ र २६२ को क्षेत्रफल क्रमशः ०-३-१० र ०-५-५ विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**४. ऋणीको नामः विनय कुमार हलुवाई** **कर्जा शिर्षकः** जग्गा खरीद कर्जा
ना.प्र.प.नं. (जारी मिति/स्थान): २/१६२२९ (२०५६/१०/०४/रूपन्देही), बाजेको नामः मोती लाल हलुवाई, बाबुको नामः वैजनाथ हलुवाई, ठेगानाः रूपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ५ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. रती थपलियाः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३७१०२३/२/३६२१५ (२०६५/०२/२६/रूपन्देही), बाबुको नामः श्याम प्रसाद थपलिया, ससुराको नामः वैजनाथ हलुवाई, पतिको नामः विनय कुमार हलुवाई, ठेगानाः रूपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ५ ।
**ख. वैजनाथ हलुवाईः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ५९८७ (२०३४/०४/१६/रूपन्देही), बाजेको नामः गुम्ती राम हलुवाई, बाबुको नामः मोती लाल हलुवाई, ठेगानाः रूपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ५ ।

**धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः**
**क.** मोती लाल हलुवाईको नाति, वैजनाथ हलुवाईको छोरा, रूपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ५ बस्ने **विनय कुमार हलुवाई**को नाममा मालपोत कार्यालय बुटवल, रूपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रूपन्देही जिल्ला, केरवानी गा.वि.स./न.पा., वडा नं. ८/ग स्थित कि.नं. १११८ को क्षेत्रफल १९४.६९ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
**ख.** मोती लाल हलुवाईको नाति, वैजनाथ हलुवाईको छोरा, रूपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ५ बस्ने **विनय कुमार हलुवाई**को नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी(बर्दघाट सुस्ता पूर्व) जिल्ला, बेनीमणीपुर गा.वि.स./न.पा., वडा नं. १ स्थित कि.नं. ७५२ को क्षेत्रफल १९५५.०० व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**५. ऋणीको नामः विनय कुमार हलुवाई** **कर्जा शिर्षकः** क्रेडिट कार्ड
ना.प्र.प.नं. (जारी मिति/स्थान): २/१६२२९ (२०५६/१०/०४/रूपन्देही), बाजेको नामः मोती लाल हलुवाई, बाबुको नामः वैजनाथ हलुवाई, ठेगानाः रूपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ५ ।

**६. ऋणीको नामः उवनटु फुड एण्ड बेभरेज सप्लायर्स** **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा र बैंक जमानत
(नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, कमलामाई नगर कार्यपालिका, उद्योग विकास शाखा, सिन्धुली ३ नं. प्रदेशमा दर्ता रहेको), दर्ता नं.: २६६५/०७४/०७५, दर्ता मितिः २०७४/१०/२१, स्थायी लेखा नं.: ६०२६३२९३३, ठेगानाः सिन्धुली जिल्ला, गोलन्जोर गा.पा., वडा नं. ७ ।

**प्रोप्राईटरः**
**एहुना नेवारः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४०२४८ (२०६२/०२/२३/दोलखा), बाजेको नामः हस्त मान नेवार, बाबुको नामः अम्वर बहादुर नेवार, ठेगानाः दोलखा जिल्ला, जिरी गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, गोलन्जोर गा.पा., वडा नं. ७ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. अम्वर बहादुर नेवारः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १४५१८ (२०४५/०९/२०/रामेछाप), बाजेको नामः केवल मान नेवार, बाबुको नामः हस्त मान नेवार, ठेगानाः रामेछाप जिल्ला, भुजी गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, गोलन्जोर गा.पा., वडा नं. ७ ।
**ख. पवित्रा राईः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ०७१०१६/१११५ (२०६७/०५/१०/धनकुटा), बाबुको नामः नएन्द्र राई, ससुराको नामः अम्वर बहादुर नेवार, पतिको नामः एहुना नेवार, ठेगानाः धनकुटा जिल्ला, आँखिसल्ला गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, गोलन्जोर गा.पा., वडा नं. ७ ।
**ग. सोल्मी नेवारः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १४५५० (२०४५/०९/२१/रामेछाप), बाबुको नामः राम बहादुर नेवार, ससुराको नामः हस्त मान नेवार, पतिको नामः अम्वर बहादुर नेवार, ठेगानाः रामेछाप जिल्ला, गुप्तेश्वर गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, गोलन्जोर गा.पा., वडा नं. ७ ।

**७. ऋणीको नामः एहुना नेवार** **कर्जा शिर्षकः** सम्पत्ति धितो कर्जा
ना.प्र.प.नं. (जारी मिति/स्थान): ४०२४८ (२०६२/०२/२३/दोलखा), बाजेको नामः हस्त मान नेवार, बाबुको नामः अम्वर बहादुर नेवार, ठेगानाः दोलखा जिल्ला, जिरी गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, गोलन्जोर गा.पा., वडा नं. ७ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. अम्वर बहादुर नेवारः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १४५१८ (२०४५/०९/२०/रामेछाप), बाजेको नामः केवल मान नेवार, बाबुको नामः हस्त मान नेवार, ठेगानाः रामेछाप जिल्ला, भुजी गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, गोलन्जोर गा.पा., वडा नं. ७ ।
**ख. पवित्रा राईः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ०७१०१६/१११५ (२०६७/०५/१०/धनकुटा), बाबुको नामः नएन्द्र राई, ससुराको नामः अम्वर बहादुर नेवार, पतिको नामः एहुना नेवार, ठेगानाः धनकुटा जिल्ला, आँखिसल्ला गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, गोलन्जोर गा.पा., वडा नं. ७ ।
**ग. सोल्मी नेवारः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १४५५० (२०४५/०९/२१/रामेछाप), बाबुको नामः राम बहादुर नेवार, ससुराको नामः हस्त मान नेवार, पतिको नामः अम्वर बहादुर नेवार, ठेगानाः रामेछाप जिल्ला, गुप्तेश्वर गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, गोलन्जोर गा.पा., वडा नं. ७ ।

**माथि उल्लेखित दुई ऋणीहरुको लागि धितो लेखिदिएको सम्पत्तिहरूको विवरणः**
**क.** राम बहादुर नेवारको छोरी, हस्त मान नेवारको बुहारी, अम्वर बहादुर नेवारको पत्नी, रामेछाप जिल्ला, गुप्तेश्वर गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, गोलन्जोर गा.पा., वडा नं. ७ बस्ने **सोल्मी नेवार**को नाममा मालपोत कार्यालय सिन्धुलीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला, भिमेश्वर गा.वि.स./न.पा., वडा नं. १/क स्थित कि.नं. ४९७ को क्षेत्रफल ०-२-०-० रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
**ख.** केवल मान नेवारको नाति, हस्त मान नेवारको छोरा, रामेछाप जिल्ला, भुजी गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, गोलन्जोर गा.पा., वडा नं. ७ बस्ने **अम्वर बहादुर नेवार**को नाममा मालपोत कार्यालय दोलखा, चरिकोटको लगतमा दर्ता श्रेष्ता कायम रहेको दोलखा जिल्ला, जीरी गा.वि.स./न.पा., वडा नं. ६ स्थित कि.नं. ९१६, ९१७, ९४१, ९४२ र ९४५ को क्षेत्रफल क्रमशः ५२०.००, ४२०.००, ४०५.००, १०२५.०० र १७९५.०० व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**८. ऋणीको नामः एहुना नेवार** **कर्जा शिर्षकः** क्रेडिट कार्ड
ना.प्र.प.नं. (जारी मिति/स्थान): ४०२४८ (२०६२/०२/२३/दोलखा), बाजेको नामः हस्त मान नेवार, बाबुको नामः अम्वर बहादुर नेवार, ठेगानाः दोलखा जिल्ला, जिरी गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, गोलन्जोर गा.पा., वडा नं. ७ ।

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of: Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९




*तस्वीर : रासस*

**बेलुन नेपाल प्रालिको आयोजनामा पोखराको पामेमा आयोजित अन्तराष्ट्रिय बेलुन महोत्सवमा सोमवार उडिरहेको बेलुन । महोत्सव पुस ९ गतेदेखि शुरू भएको हो ।**

# अब विकट छैन 'बोबाङ गाउँ'

ढोरपाटन । सदरमुकाम बागलुङ बजारदेखि झन्डै एक सय पाँच किलोमिटर पश्चिममा पर्छ 'बोबाङ गाउँ' । नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटनको प्रवेशद्वारको रूपमा रहेको बोबाङ गाउँ एक दशक अगाडिसम्म निकै विकट मानिन्थ्यो । तर पछिल्लो समय विकासले गति लिन थालेपछि यस गाउँको मुहार फेरिएको छ ।


बाक्लो जनजाति र दलित समुदायको बस्ती रहेको बोबाङ गाउँमा स्थानीय सरकार स्थापनापछि स्वास्थ्य, शिक्षासहितको विकास पनि क्रमिक रूपमा भएको छ । ढोरपाटन नगरपालिका-८ र ९ मा पर्ने बोबाङ गाउँ विसं २०६६ मा सडकले जोडिएको थियो । त्यसभन्दा अगाडिसम्म यहाँ अधिकांश नागरिकहरूले घोडा, खच्चडमा सामान ढुवानी गरेर प्रयोग गर्ने गर्थे ।

गाउँमा सडक पुगेको थिएन, जसले गर्दा स्थानीयको जनजीवन कष्टकर नै थियो । घुम्ती बसाइँ गर्ने यहाँका स्थानीय बर्खामा ढोरपाटन र हिउँदमा बोबाङमा बस्ने गर्छन् । कृषि र पशुपालनबाट जीविकोपार्जन गर्दै आएका उनीहरूको जीवनशैली अहिले बदलिएको छ । पन्ध्र वर्ष अगाडि बोबाङ गाउँमा सडक पुगे पनि लामो समयसम्म यातायात सञ्चालन हुन सकेको थिएन ।

पछिल्लो समय कच्ची सडक भए पनि दैनिक यातायात सञ्चालन हुने गर्छन् । सडकले गाउँसँगै यहाँका हजारौं नागरिकको जीवनशैली बदली दिएको स्थानीय ७६ वर्षीय तमबहादुर कायतले बताए । आफूले बोबाङ गाउँ यसरी परिवर्तन होला भन्ने कल्पना नगरेको उनको भनाइ छ । कायतले सडकले गाउँमा ठूलो परिवर्तन लिएको बताए ।

उनले भने, 'हामी त गाईभैंसी र खेतीपाती गरेर जीवन धान्यौं, अहिलेको जस्तो सडक थिएन, गाडी चल्दैनथे, नुन, तेल र चामल ल्याउनका लागि बुटवल पुग्नुपर्थ्यो, बुटवल पुग्न १२ दिन लाग्थ्यो, अहिले घरमै सबैथोक आउँछ, उति बेला पढ्ने चलन थिएन, अहिले त गाउँमा हाई स्कुल बनेको छ, बसै बालबालिकाले पढ्न पाएका छन्, हामीहरू त न पढ्न पायौं, न बिमार लाग्दा उपचार पायौं ।'

स्थानीय कुलबहादुर सुनारले सडकले बोबाङ गाउँलाई बजारसँग सिधा जोड्दा विकासले गति लिएको बताए । पहिले गाउँमा कोही बिरामी हुँदा डोकोमा बोकेर दिनभर लगाएर अस्पताल पुर्‍याएको स्मरण गर्दै अहिले टोलमै स्वास्थ्य संस्था सञ्चालनमा आएको उनको भनाइ छ ।



ढोरपाटन जाँदाआउँदा घोडामा चढ्नुपर्ने बाध्यता हटेको भन्दै अहिले दैनिक गाडी चल्दा आलु, स्याउ, सिमी र अन्य उत्पादन बजारमा पुर्‍याउन सहज भएको सुनार बताउँछन् ।

राष्ट्रिय प्राथमिकताको आयोजना सालझण्डी-ढोरपाटन सडकको बीचमा पर्ने बोबाङ गाउँमा पछिल्लो समय धमाधम पक्की घर भवनसमेत बन्दै गएका छन् । जिल्लाको सुदूरपश्चिम मानिने यस गाउँमा सडक आएपछि नागरिकको जीवनस्तरसमेत फेरिएको ढोरपाटन नगरपालिका उपप्रमुख धनबहादुर कायत (कल्याण)ले बताए । *रासस*


## नेपाल फाईनान्स लिमिटेडको ३२औं बार्षिक साधारण सभा प्रयोजनार्थ शेयर दाखिल खारेज (Book Close) कार्य बन्द बारेको सूचना

**प्रकाशित मिति : २०८१/०९/१६**

यस संस्थाको ३२औं बार्षिक साधारण सभा प्रयोजनका लागि भोलि मिति २०८१/०९/१७ गते १ (एक) दिनका लागि संस्थाको शेयरधनी दर्ता किताब शेयर दाखिला खारेज (Book Close) कार्य बन्द गरिने व्यहोरा शेयरधनी लगायत सम्बन्धीत सबैमा जानकारीका लागि अनुरोध गर्दछौं । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०९/१६ गतेसम्म कारोवार भई ७ (सात) दिनभित्र यस संस्थाको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेडमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र उक्त वार्षिक साधारण सभामा भाग लिन पाइने हुँदा सम्बन्धीत सबै शेयधनी तथा खरिदकर्ताहरुले सोही अनुसार गर्नु हुन अनुरोध गर्दछौं ।

**नेपाल फाईनान्स लिमिटेड**
**Nepal Finance Limited**
"नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजत पत्र प्राप्त संस्था"
**मुख्य कार्यालय** : कमलादी, पुतलीसडक, काठमाण्डौ
**फोन नं.**: ०१-४५४५८८५/०१-४५४५८८६
इमेलः info@nepalfinance.com.np वेभसाइटः www.nepalfinance.com.np



**ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लि.**
**Global IME Laghubitta Bittiya Sanstha Ltd.**
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रियस्तर कार्यक्षेत्र भएको)

**केन्द्रीय कार्यालयः पोखरा-२६, विजयपुर, कास्की, फोन : ०६१-४११४३८, ४११४३९**
**Email : info@gilb.com.np, Website : www.gilb.com.np**

## बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(दोस्रो पटक प्रकाशित मितिः २०८१ पौष १६ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक)**

आदरणीय शेयरधनी महानुभावहरु,
यस ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८१/०९/०७ गते बसेको सञ्चालक समितिको १९४औं बैठकको निर्णयानुसार वित्तीय संस्थाको बाह्रौं वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा तपसिलका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**
मिति : २०८१ साल पौष २९ गते सोमवार (तदनुसार १३ जनवरी, २०२५)
समय : बिहानको ९:०० बजे
स्थान : बेस्ट रिसोर्ट नेपाल प्रा.लि, (The Lakeside Retreat) लेकसाइड पोखरा, कास्की ।

**वार्षिक साधारण सभाको छलफलका विषयहरु :**
(क) **सामान्य प्रस्तावहरु**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ को आषाढ मसान्तको वासलात तथा आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आर्थिक बर्ष २०८१/०८२ को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

(ख) **विशेष प्रस्तावहरु ।**
(ग) **विविध ।**

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिब**

**नोटः** बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी विस्तृत जानकारी मिति २०८१ पौष ०८ गते सोमबारको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । साथै यस संस्थाको वेवसाइट http://www.gilb.com.np मा समेत राखिएको ब्यहोरा अनुरोध छ ।


# नख्खु कोरिडोरमा अत्यधिक धुलो र गन्ध

ललितपुर । ललितपुरको नख्खु कोरिडोर क्षेत्रमा अत्यधिक धुलो र गन्धका कारण स्थानीयले सास्ती बेहोर्नुपरेको छ । असोज १२ गते शनिवार नख्खु खोलामा आएको बाढीका कारण कोरिडोर भत्किएपछि धुलोको समस्या बढेको हो । नख्खु कोरिडोरको धुलो र खोलाबाट निस्केको गन्धले बस्तीलाई नै असर गरेको स्थानीयको गुनासो छ ।

बाढीका कारण नख्खु खोला किनारामा थुप्रिएको धुलो उडेर बस्तीमा पुगेको र धुलो तथा गन्धले असर गरेको ललितपुर महानगरपालिका-४ का स्थानीय मिलन यसमाली मगरले दुखेसो पोखे । 'दिउँसो हावा चलेको बेला धुलोसँगै खोलाको गन्ध बस्तीमा पस्छ । जाडो समयमा यति धेरै धुलो र गन्धको समस्या छ, गर्मी शुरू भए झन् गाह्रो हुन्छ,' उनले भने । बाढीले क्षति पुर्‍याएको क्षेत्रमा खानेपानी, यातायात र विद्युत्को समस्या हल गरिसकेको र अन्य समस्याहरूको समाधान गर्न ललितपुर महानगरपालिकाले पहल गरिरहेको ललितपुर महानगरपालिका-१३ का वडाअध्यक्ष गणेश केसीको भनाइ छ ।

'नख्खु कोरिडोरमा टिप्परका कारण बस्तीमा असर परेको छ । टिप्पर हिंड्न उचित व्यवस्थापन महानगरले गर्न सकेको छैन । टिप्परको कारण धुलोको समस्या झन् बढेको हो,' उनले भने । नख्खु र भैंसेपाटी जोड्ने नख्खु खोला पुल र छेउछाउमा धुलोका कारण यात्रुहरूले सास्ती खेप्नुपरेको छ । हरेक दिन नख्खु खोला पुल हुँदै भैंसेपाटी पुग्ने गरेका मोटरसाइकल यात्रु वीरेन्द्र तितुङ धुलो र खोलाको गन्धले आफूलाई दिक्क बनाएको बताउँछन् । *रासस*

## क्यान महासंघमा सुनैना घिमिरे पाण्डेको नेतृत्वमा नयाँ कार्यसमिति



काठमाडौं (अस)। कम्प्युटर एसोसिएसन अफ नेपाल महासंघ (क्यान महासंघ)मा नयाँ कार्यसमिति निर्वाचित भएको छ। शनिवार सम्पन्न महासंघको १५औं महाधिवेशनले सुनैना घिमिरे पाण्डेको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । अध्यक्ष पदमा पाण्डेको मात्र उम्मेदवारी परेपछि उनी निर्विरोध निर्वाचित भएकी हुन् । योसँगै क्यान महासंघको इतिहासमा पाण्डे पहिलो महिला अध्यक्ष हुन् ।

पाण्डेले यसअघि क्यान महासंघमा लामो समय विभिन्न भूमिकामा रहेर कार्यसम्पादन गरिसकेको बताइएको छ । उनी सफ्टवेयर डेभलपमेन्ट कम्पनी जेनेरल टेक्नोलोजीकी प्रबन्ध निर्देशक समेत हुन् । महासंघको उपाध्यक्षमा हर्कबहादुर सेटी, चिरञ्जीवी अधिकारी, नविन जोशी, शेखरनाथ दुलाल, सुभाष खड्का र सृजना श्रेष्ठ निर्वाचित भएका छन् । महासचिवमा चन्द्रविलास भुर्तेल र कोषाध्यक्षमा विक्रम सिंह निर्वाचित भएका छन् ।

महासंघको सचिवमा सरिता न्यौपाने, अग्मा मालाकार, दीपक साह, सरुना श्रेष्ठ, मनिराज पाण्डे, रामकिशोर रावल र कर्णराज पनेरु चयन भएका छन् । त्यस्तै कार्यकारिणी सदस्यमा उमेश रघुवंशी, ध्रुवराज शर्मा, केशवप्रसाद भट्टराई, नारायणप्रसाद श्रेष्ठ, ठाकुरकुमार श्रेष्ठ, हेमपाल श्रेष्ठ, शिला कंसाकार कार्की, दिपेन्द्र पौडेल, राजु कट्टेल, चिन्तामणि बास्तोला, ओमकार बस्नेत, दिनेशराज कार्की, बन्दना शर्मा ज्ञवाली, देवेशप्रसाद लोहनी, सन्तोषकुमार श्रेष्ठ, राजु बानियाँ, मोना न्याछ्यो श्रेष्ठ, राजेश दुगड, गंगा भण्डारी, विकास गुरुङ, विमला राई, धनञ्जय महतो र खड्क बहादुर गुरुङ निर्वाचित भएको क्यानले जानकारी दिएको छ।

त्यस्तै लेखासमितिको संयोजकमा भानुभक्त शर्मा र सदस्यहरूमा सन्तोष ढुंगाना र पूजा अग्रवाल चयन भएका छन् । नवनिर्वाचित अध्यक्ष पाण्डेले नेपाललाई सूचना प्रविधि हबका रूपमा विकास गर्दै अन्तरराष्ट्रिय गन्तव्यका रूपमा चिनाउन नीतिगत सुधारको खाँचो रहेको र यसका लागि आफूले विशेष पहल गर्ने बताइन् ।

त्यस्तै नवनिर्वाचित महासचिव भुर्तेलले क्यान महासंघको कार्यक्षेत्र विस्तार गर्न विशेष ध्यान दिने र संस्थागत सुधारका लागि ठोस रणनीति अपनाएर लक्ष्य हासिल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

## ग्लोबल आइएमई बैंकको वार्षिकोत्सवको अवसरमा प्रभातफेरी कार्यक्रम




काठमाडौं (अस) । ग्लोबल आइएमई बैंक लिमिटेडले १८औं वार्षिकोत्सवको अवसरमा सोमवार देशव्यापी प्रभातफेरी कार्यक्रमको आयोजना गको छ । आम जनमानसमा वित्तीय साक्षरता तथा बैंकिङ सचेतना अभिवृद्धिका लागि बैंकले सातओटै प्रदेशका मुख्य मुख्य शहरमा प्रभातफेरी कार्यक्रमको आयोजना गरेको बताइएको छ । पुस १८ गतेदेखि ग्लोबल आइएमई बैंक स्थापनाको १९औं वर्षमा प्रवेश गर्दैछ । काठमाडौंमा आयोजित प्रभातफेरीमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष तथा ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकाल, बैंक सञ्चालक समिति सदस्यहरू, बैंक उच्च व्यवस्थापनसहित १५ सयभन्दा बढी कर्मचारीहरूको उपस्थिति थियो ।

वित्तीय साक्षरता तथा बैंकिङ शिक्षामूलक प्लेकार्ड तथा व्यानरसहित प्रभातफेरीका सहभागीले काठमाडौंको कान्तिपथस्थित शाखा कार्यालयबाट शहरको मुख्य-मुख्य भागको परिक्रमा गरेका थिए भने काठमाडौं उपत्यका बाहिर मुख्यमुख्य शहर परिक्रमा गरेका थिए । बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रूपमा सम्मानित बैंक हो । साथै, बैंक विभिन्न राष्ट्रिय तथा अन्तररष्ट्रिय संघसंस्थाबाट फरकफरक विधामा सम्मानित हुँदै आएको छ ।

## पर्यटन प्रवर्द्धन गर्न मेघौली–बारपाक मोटरसाइकल ¥याली




चितवन (अस)। पर्यटकीय स्थलको प्रवर्द्धन गर्न चितवन राइनो राइडर्स मोटरसाइकल क्लबले मेघौली-बारपाक मोटरसाइकल ¥यालीको आयोजना गरेको छ । अंग्रेजी नयाँ वर्ष सन् २०२५ को अवसरमा आयोजना गरिएको मोटरसाइकल यात्रामा मोटरसाइकलको पछाडि सवारसमेत गरी कम्तीमा १७० जना सहभागी हुने अपेक्षा गरिएको छ । 'ह्विल्स अन हिल्स'को पाँचौं संस्करणअन्तर्गत आयोजना गरिएको मोटरसाइकल ¥यालीमा सहभागी राइडरले सोमवार राति मेघौलीको साराङ वाइल्डलाइफ स्यान्चुरीमा 'इभ प्रि पार्टी' गर्ने चितवन राइनो राइडर्स मोटरसाइकल क्लबका अध्यक्ष प्रीतम श्रेष्ठले जानकारी दिए । मंगलवार (डिसेम्बर ३१ मा) बिहान मेघौलीबाट मोटरसाइकल ¥याली शुरू हुने बताइएको छ ।

मोटरसाइकल ¥यालीमा सहभागी हुने सबै मोटरसाइकल रोयल इन्फिल्डको हुने चितवन राइनो राइडर्स एमसी क्लबका उपाध्यक्ष मन्दिपमान श्रेष्ठले बताए । उनका अनुसार राइडरहरूले बारपाकमै पुगेर नयाँ वर्ष मनाउनेछन् । मोटरसाइकल यात्रामा भारतका आठ र भुटानको एक गरी २५ क्लबका राइडर सहभागी हुनेछन् ।

मोटरसाइकल यात्रामा सहभागी हुने राइडरबाट रजिष्ट्रेशनबापत पहिलो चरणमा ६ हजार ५०० र दोस्रो चरणमा ७ हजार ५०० रुपैयाँ शुल्क लिइएको बताइएको छ । कार्यक्रमलाई विभिन्न कम्पनीले प्रायोजन समेत गरेका छन् । 'रजिष्ट्रेशन र प्रायोजकबाट उठेको रकमबाट राइडरलाई खान र बस्नको व्यवस्था गरेका छौं । बचेको रकमबाट आवश्यक स्थानमा स्वास्थ्य शिविर सञ्चालन गर्नेछौं,' श्रेष्ठले भने । ¥यालीका सहभागी सबै राइडरले ध्वनी प्रदुषण नगरी मोटरसाइकल चलाउने चितवन राइनो राइडर्स एमसी क्लबका बोर्ड सदस्य डा. शशांककुमार सिंहले बताए ।

# एओजी एक्स कल्टको तेस्रो ओभर नाइट राइड कार्यक्रम

काठमाडौं (अस) । एओजी एक्स कल्टद्वारा आयोजित तेस्रो ओभर नाइट राइड सम्पन्न भएको छ। यात्राको आयोजना पुस ५ र ६ गते गरिएको थियो। राइडअन्तर्गत सहभागीले काठमाडौंदेखि भोटेकोशी गाउँपालिका, पाङलाङ, सिन्धुपाल्चोकको द लास्ट रिसोर्टसम्म २५० किलोमिटरको राउण्ड ट्रिप यात्रा गरेको बताइएको छ । कार्यक्रममा उत्साही बाइकर्स तथा रोमाञ्चक यात्रा मन पराउनेको उल्लेखनीय सहभागिता रहेको बताइएको छ । कार्यक्रममार्फत आयोजकले सहभागीलाई रोमाञ्चक यात्राको अनुभवका साथै, सामाजिक उत्तरदायित्वको संयोजन गर्ने साझा उद्देश्य बोकेको बताइएको छ ।

'राइड फर चेन्ज' पहलअन्तर्गत समूहले भिमसेन माध्यमिक विद्यालयको भ्रमण गरेका थिए । उक्त विद्यालय एक दुर्गम विद्यालय हो । उक्त विद्यालयमा आर्थिक रूपमा कमजोर परिवारका ३२ जना विद्यार्थी छात्रावासमा बस्दै आएका छन् । यात्रामा सहभागीले विद्यार्थीको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुग्ने आवश्यक सामग्री वितरण गरिएको आयोजकले जानकारी दिएको छ । यो उदार कार्यले एओजी एक्स कल्टको नेपाली समुदायमा सकारात्मक परिवर्तन ल्याउने अटल प्रतिबद्धतालाई उजागर गरेको बताइएको छ ।


## ब्रह्म ज्योति होल्डिङस् लिमिटेड

कोटेश्वर ३२, काठमाडौं
**फोन नं.:** ०१-५९२२८९५

**वार्षिक साधारणसभा सम्बन्धी सूचना**

**(दोश्रो पटक प्रकाशित मिति: २०८१/०९/१६)**

यस ब्रह्म ज्योति होल्डिङस् लिमिटेड कम्पनीको २०८१ पौष ७, गते बसेको संचालक समितिको निर्णयानुसार अ.वा.२०८०/८१ को वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान**
**मिति** : २०८१/१०/०७
**समय** : अपरान्ह ३:४५ बजे ।
**स्थान** : कम्पनीको प्रधान कार्यालय कोटेश्वर ३२, काठमाडौं ।

**छलफलको प्रस्तावहरु:**
१. संचालक समितिको नियुक्ति र पारिश्रमिक निर्धारण ।
२. विविध ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**
**जीवन न्यौपाने**

Government of Nepal
**Water Sector Governance and Infrastructure Support Project**
Dipayal-Silgadhi Project Implementation Unit
Dipayal-Silgadhi Municipality, Doti

**Invitation For Bids**

**Date of publication: 2024-12-31 (AD)**

Dipayal-Silgadhi Project Implementation Unit, Doti, invites electronic bids to the eligible bidders for the following works under National Competitive Bidding.

| IFB No. | Description of Works | Bid Security (Nrs.) | Bid Document Fee (Nrs.) | Last Date/Time of Bid Submission |
|---|---|---|---|---|
| 01/WS/PIU/DOTI | Procurement of Tikha, Goseda, Sirkhholigaon, Gairagaon Water Supply Project, Doti | 3.1 million | 10,000.00 | 2025-01-31 till 12:00 Hrs. |

- **Bid Validity/Bid Security Validity Period 120/150 days from the last date of bid submission.**
- **The detail notice can be assessed from www.bolpatra.gov.np/egp.**

**Project Chief**

## इमर्जिङ्ग नेपाल लिमिटेड

Emerging Nepal
**केन्द्रीय कार्यालयः** कृष्ण टावर, दोस्रो तल्ला, नयाँबानेश्वर, काठमाडौं ।
फोन नं. ०१-४७९६०९९ । ईमेल: mail@emergingnep.com

**नवौं वार्षिक साधारण सभाको सूचना**

दोस्रो पटक प्रकाशित मिति : २०८१/०९/१६

**श्री शेयरधनी महानुभावहरु,**

मिति २०८१/०९/०७ मा सम्पन्न यस कम्पनीको सञ्चालक समितिको ९३ औं बैठकको निर्णयानुसार कम्पनीको नवौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु।

**सभा बस्ने मिति, स्थान र समयः**
मिति : २०८१ पौष २९ गते, सोमबार (तदनुसार १३ जनवरी, २०२५)
स्थान : लिसरा रिसेप्सन, नक्साल, काठमाडौं ।
सभा शुरु हुने समय : बिहान ९:३० बजे ।
उपस्थिति पुस्तिका बिहान ८:३० बजे देखि खुल्ला राखिने छ।

**छलफल तथा निर्णयका लागि निर्धारित विषयसूचीः**
**(क) सामान्य प्रस्तावः**
१. आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ अषाढ मसान्तसम्मको वासलात र आ.व. २०८०/८१ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।
३. यस कम्पनी तथा कम्पनीको सहायक कम्पनी इमर्जिङ्ग भेन्चर लि. तथा होटल एलिस द वन्डर इन लि. को आ.व. २०८०/८१ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।
४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८०/८१ का लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन २०६३ को दफा १११(३) बमोजिम बहालवाला लेखापरीक्षक श्री K.J. & Associates, Chartered Accountant पुनः नियुक्त हुन योग्य रहेको ।)
५) संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने ४ (चार) जना संचालक चयनको लागि निर्वाचन गर्ने ।

**(ख) विविधः**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**वार्षिक साधारण सभा सम्बन्धी जानकारीः**


१. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई शेयरधनी लगतमा कायम रहेको निजहरुको ठेगानामा साधारण सभाको सूचना र कम्पनीको वार्षिक संक्षिप्त आर्थिक विवरण पठाइने व्यवस्था गरिएको छ। ठेगाना पूरा नभएका तथा उक्त कागजात प्राप्त नगर्नु हुने शेयरधनी महानुभावहरुले वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन निरीक्षण गर्न यस कम्पनीको रजिष्टर्ड कार्यालय नयाँ बानेश्वर काठमाण्डौंमा सम्पर्क गर्न सक्नुहुनेछ। साथै, उपरोक्त उल्लेखित विवरण/प्रतिवेदनहरु यस कम्पनीको वेवसाइट www.emergingnep.com मा समेत उपलब्ध हुने व्यहोरा जानकारी गराउँदछौं।
२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि (जस्तैः नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ। अन्यथा सभा कक्ष भित्र प्रवेश पाईने छैन। हाजिरी पुस्तिका बिहान ८:३० बजे देखि सभा चालु रहुन्जेल सम्म खुल्ला रहनेछ।
३. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले कम्पनीको सोही समूहको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ। प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात मिति २०८१/०९/२७ गते विहान ९:३० बजे भित्र कम्पनीको रजिष्टर्ड कार्यालय, नयाँ बानेश्वर, काठमाण्डौंमा दर्ता गराईसक्नुपर्ने छ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएका व्यक्ति कम्पनीको शेयरधनी हुनुपर्नेछ।
४. नाबालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको महानुभावहरुले सभामा भाग लिन र मतदान गर्न पाउनुहुनेछ।
५. संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनीको लगत दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न पाउनुहुनेछ।
६. सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले आफैंले भाग लिन वा प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा शुरु हुनुभन्दा कम्तीमा ३६ घण्टा अगावै सोको सूचना कम्पनीको रजिष्टर्ड कार्यालय, नयाँ बानेश्र १० काठमाण्डौं मा दर्ता गरिसक्नुपर्नेछ, अन्यथा प्रतिनिधि फेरबदल हुन सक्ने छैन। तर सभामा सम्बन्धित शेयरधनी स्वयं उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको अख्तियारनामा स्वतः बदर हुनेछ।
७. एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुने छ तर प्रतिनिधि (प्रोक्सी) दिने शेयरधनीले आफुले पहिले दिएको प्रतिनिधि बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउने छ। यस्तो अवस्थामा अघि दिएको प्रतिनिधि स्वतः बदर गरेको मानिनेछ।
८. वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०८१/०९/१७ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द रहनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०९/१७ गते भन्दा अगाडि कारोबार भई यस कम्पनीको शेयर रजिष्ट्रार एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु सो सभामा भाग लिन, मतदान गर्नका लागि योग्य हुनेछन्।
९. अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय नयाँ बानेश्वर काठमाण्डौं (टेलिफोन नं. ०१४७९६०९९), कम्पनीको वेभसाईट www.emergingnep.com मा वा कम्पनी सचिवलाई सम्पर्क राख्न समेत अनुरोध गरिन्छ।

**आ.व. २०८०/८१ को संक्षिप्त वार्षिक वित्तीय विवरण**

**(क) प्रमुख सूचकाङ्कः**
आर्थिक वर्ष २०८०/८१ को कम्पनीको आर्थिक विवरण र प्रमुख सूचकाङ्कहरु निम्न बमोजिम रहेका छन्।
*(रकम रु. मा)*

| शीर्षक | आषाढ मसान्त २०८१ | आषाढ मसान्त २०८० | वृद्धि प्रतिशत |
|---|---|---|---|
| चुक्ता पूँजी | ५५५,६००,००० | ५५५,६००,००० | ० |
| नेट वर्थ | ६१९,१४२,८६१ | ६२७,५५१,२०१ | (१.३४) |
| लगानी | ६१२,१६४,०३७ | ५९०,५३८,१९९ | ३.६६ |
| सञ्चालन मुनाफा | १६,७४६,६८४ | २१,८४८,३५७ | (२३.३५) |
| कर पछिको खुद मुनाफा | १६,१०३,७८५ | १९,८२०,८८३ | (१८.७५) |
| प्रति शेयर आम्दानी | २.९० | ३.५७ | (१८.७७) |

**लेखापरीक्षकको प्रतिवेदन**


K.J. & ASSOCIATES
Chartered Accountants

**इमर्जिङ्ग नेपाल लिमिटेड**
**२०८१ साल आषाढ मसान्तको**
**वासलात**

| पूंजी तथा दायित्व | समूह | | इ. एन. एल | |
|---|---|---|---|---|
| | यस वर्ष रु. | गत वर्ष रु. | यस वर्ष रु. | गत वर्ष रु. |
| १. शेयर पूंजी | ५५५,६००,००० | ५५५,६००,००० | ५५५,६००,००० | ५५५,६००,००० |
| २. जगेडा तथा कोषहरु | ३७,३२१,५८६ | १४,९९७,५०३ | ३७,२७२,७४६ | १४,९९७,५०३ |
| ३. सचिंत मूनाफा | १७,२२१,६१५ | ४६,६१२,६०८ | २६,२७०,११५ | ५६,९५३,६९८ |
| ४. गैर नियन्त्रित स्वार्थ | ३२,०३१,११० | २३,१९२,९४८ | ० | ० |
| ५. स्थगन कर दायित्व | ५,८९३,०१४ | ६९,०५१ | १२,३०८,९६१ | ५,१७९,३४३ |
| ६. चालू कर दायित्व | ० | ० | ० | ० |
| ७. अन्य दायित्व | ६,५९६,६८२ | ६,९८४,१०४ | ४,२४१,२१९ | ५,७८५,२८७ |
| **कूल पूंजी तथा दायित्व** | **६५४,६६४,००७** | **६४७,४५६,२१४** | **६३५,६९३,०४१** | **६३८,५१५,८३०** |
| | | | | |
| **सम्पत्ति** | **यस वर्ष रु.** | **गत वर्ष रु.** | **यस वर्ष रु.** | **गत वर्ष रु.** |
| १. नगद तथा नगद समान | ७,१७६,०७५ | १३,०६३,४२१ | ४,७१७,११४ | २,५४८,२१९ |
| २. अमुर्त सम्पत्ति | ५,३३२ | ७,१०९ | ५,३३२ | ७,१०९ |
| ४. लगानी सम्पत्ति | ५६२,१०१,३३७ | ५४३,९७३,१९९ | ६१२,१६४,०३७ | ५९०,५३८,१९९ |
| ५. स्थगन कर सम्पत्ति | ० | ० | ० | ० |
| ६. चालु कर सम्पत्ति | ५,३१६,०६९ | ४,०४१,२६४ | ५,०६०,११० | ४,०९३,९०४ |
| ७. सम्पत्ति तथा उपकरण | ७३,२११,२३५ | ७७,७२५,३८४ | २,४०५,५९४ | २,८९८,७०१ |
| ७. अन्य सम्पत्ति | १२,१७०,०२७ | १२,६८७,१०० | १६,४००,९६४ | ४२,५२३,६०२ |
| **कूल सम्पत्ति** | **६५४,६६४,००७** | **६४७,४५६,२१४** | **६३५,६९३,०४१** | **६३८,५१५,८३०** |

**इमर्जिङ्ग नेपाल लिमिटेड**
**२०८० श्रावण १ देखि २०८१ आषाढ ३१ सम्मको**
**नाफा नोक्सान हिसाब**

| विवरण | समूह | | इ. एन. एल | |
|---|---|---|---|---|
| | यस वर्ष रु. | गत वर्ष रु. | यस वर्ष रु. | गत वर्ष रु. |
| १. व्याज आम्दानी | १८,२८५,७४१ | २१,९४५,८१६ | १०,५४३,६३४ | १५,७५४,९३४ |
| २. संचालन आम्दानी | १६,७०४,४२८ | १५,०२६,०३६ | १५,९२८,३१६ | १४,३२३,८६७ |
| ३. अन्य आम्दानी | ० | ५३५,९८३ | १८६,०४८ | ५३४,१२७ |
| **कुल आम्दानी** | **३४,९९०,१६९** | **३७,५०७,८३४** | **२६,६५७,९९८** | **३०,६१२,९२७** |
| ४. कर्मचारी खर्च | ६,७७६,४१८ | ५,९७८,७६७ | ५,६८०,९८५ | ५,३७०,३७१ |
| ५. अन्य सञ्चालन खर्च | ४,२२२,५४९ | ४,६८०,७५१ | ३,२४५,७७० | २,६५७,४४९ |
| ६. हास कट्टी र परिशोधन | ४,६९४,२५८ | ५,१३४,६७८ | ६१८,३३५ | ७३६,७५१ |
| **कुल खर्च** | **१६,०५९,४४८** | **१५,७९४,१९६** | **९,९११,३१४** | **८,७६४,५७१** |
| आयकर अघिको नाफा | १८,९३०,७२१ | २१,७१३,६३८ | १६,७४६,६८४ | २१,८४८,३५६ |
| चालु कर | २,८०३,३४१ | ३,४१६,०९८ | ९३८,३६० | २,०३४,८२६ |
| स्थगन कर | (१,६०१,११७) | (१,४१२,७८२) | (२९५,४६२) | (७,३५३) |
| **यस आर्थिक वर्षको खूद नाफा** | **१७,७२८,४९७** | **१९,७१०,३२२** | **१६,१०३,७८५** | **१९,८२०,८८३** |

**इमर्जिङ्ग नेपाल लिमिटेड**
**नगद प्रवाह विवरण**
**२०८० श्रावण १ देखि २०८१ आषाढ ३१ सम्मको**

| विवरण | समूह | | इ. एन. एल | |
|---|---|---|---|---|
| | यस वर्ष रु. | गत वर्ष रु. | यस वर्ष रु. | गत वर्ष रु. |
| **कारोबार संचालनबाट नगद प्रवाह** | | | | |
| कर पछिको खुद आम्दानी | १७,७२८,४९७ | १९,७१०,३२२ | १६,१०३,७८५ | १९,८२०,८८३ |
| **समायोजन** | | | | |
| हास कट्टी र परिशोधन | ४,६९४,२५८ | ५,१३४,६७८ | ६१८,३३५ | ७३६,७५१ |
| व्याज आम्दानी | (१८,२८५,७४१) | (२१,९४५,८१६) | (१०,५४३,६३४) | (१५,७५४,९३४) |
| व्याज खर्च | ३६६,२२४ | ० | ३६६,२२४ | ० |
| चालु सम्पत्तिमा कमी/ (वृद्धि) | ५१७,०७३ | (१,२०९,७१६) | २६,१२२,६३८ | (९,२४१,११२) |
| चालु दायित्वमा वृद्धि/ (कमी) | (३८७,४२२) | २०,१७२,४७८ | (१५,४४,०६८) | ७,९७२,५९३ |
| **कारोबार संचालनबाट खुद नगद प्रवाह** | **२६,९०८,१३२** | **२१,८६१,९४६** | **५३,३९८,५२४** | **३,५३४,१८१** |
| **लगानी कारोबारमा नगद प्रवाह** | | | | |
| सम्पत्ति खरिदबाट नगद प्रवाह | (१२३,४५१) | (४,५५४,२७६) | (१२३,४५१) | (५,५६०) |
| सम्पत्ति विक्रीबाट नगद प्रवाह | ० | ० | ० | ० |
| व्याज आम्दानी | १८,२८५,७४१ | २१,९४५,८१६ | १०,५४३,६३४ | १५,७५४,९३४ |
| व्याज खर्च | (३६६,२२४) | ० | (३६६,२२४) | ० |
| लगानीमा कमी/(वृद्धि) | (१८,१२८,१३८) | (३१,०८३,०५९) | (२१,६२५,८३८) | (२१,५८३,०५९) |
| **लगानी कारोबारबाट खुद नगद प्रवाह** | **(५,४९१,८९१)** | **(१३,६९१,५२०)** | **(४,४४२,२६०)** | **(५,८३३,६८६)** |
| **वित्तीय स्रोत कारोबारबाट नगद प्रवाह** | | | | |
| शेयर निष्काशनबाट प्राप्त | ८,५००,००० | ० | ० | ० |
| लाभांश वितरण | (४६,७८७,३६८) | ० | (४६,७८७,३६८) | ० |
| **वित्तीय स्रोत कारोबारबाट खुद नगद प्रवाह** | **(३८,२८७,३६८)** | **०** | **(४६,७८७,३६८)** | **०** |
| नगद वा नगद समानमा भएको खुद वृद्धि/(कमी) | (५,८८७,३४५) | ८,१७०,४२७ | २१,६८,८९५ | (२२,९९,५०४) |
| नगद /नगद समानको शुरु मौजात | १३,०६३,४२१ | ४,८९२,९९४ | २,५४८,२१९ | ४,८४७,७२३ |
| **नगद तथा बैकमा रहेको अन्तिम मौज्दात** | **७,१७६,०७५** | **१३,०६३,४२१** | **४,७१७,११३** | **२,५४८,२१९** |

आर्थिक विकासको उद्देश्य मानिसको जीवनस्तर सुधार्नु हो न कि संख्यात्मक वृद्धिलाई मात्र बढाउनु ।
- रोबर्ट एफ केनेडी

# तयारी पोशाक उद्योगको विकासमा समग्र पहुँच

## अवसरको उपयोगमा चुक्दै नेपाल



**तयारी पोशाकको निर्यातमा नेपाललाई प्राप्त अवसर र चुनौतीहरूको मिहीन विश्लेषण गरी तयारी पोशाकको समग्र विकासका लागि एकीकृत पहुँचको अवधारणामा रही यस क्षेत्रको सर्वांगीण विकास गर्नु आवश्यक रहेको छ ।**

**- कृष्णराज बजगाईं**

अमेरिकी प्रशासनमा आएको परिवर्तनसँगै विश्वमा नयाँ वाणिज्य अभ्यासको प्रबलता रहने सम्भावनाका माझ विश्वका हरेक मुलुकहरूले आन्तरिक तयारीको आरम्भ गरेका छन् । अमेरिकी नीतिहरूले पार्ने प्रभाव, अवसर र चुनौतीहरूसँग जुध्न आन्तरिक नीति पुनरवलोकनसहित संरचनागत सुधारका प्रयासमा मुलुकहरूका ध्यान केन्द्रित हुन थालेका छन् । अमेरिकी प्रशासनमा आएको परिवर्तन र यूरोपमा उदाउँदो सनातनी अभियानले पनि विश्व व्यापार पहिलेजस्तो नहुने र शक्ति राष्ट्रहरूबीच अन्तरराष्ट्रिय व्यापारका क्षेत्रमा तात्त्विक परिवर्तनहरू आउने र त्यसले वर्तमान विश्वको वैदेशिक व्यापारको दिशा परिवर्तन हुने संकेतहरू देखिन थालेका छन् । यूरोपेली संघ (ईयू) ले आयातको अभ्यासमा भन्सार दर र गुणस्तरका प्रावधानका अतिरिक्त नैतिक र वातावरणीय पक्षलाई समेत प्रमुख मानकका रूपमा स्थापित गर्न थालेको छ । यी मानकलाई अन्तरराष्ट्रिय व्यापार नियमनको आधार मान्ने गरी अन्य आर्थिक शक्तिहरूले अभ्यास गर्ने सम्भावना रहेको छ ।

यसरी विकसित नयाँ घटनाक्रमहरूको सबैभन्दा ठूलो प्रभाव पहिरनको अन्तरराष्ट्रिय व्यापारमा पर्ने निश्चितप्रायः भएको छ । अब तयारी पोशाकका आयातकर्ता मुलुकहरूले कुन देशको पहिरन आयात गर्ने भन्ने विषय गौण सरोकार र कुन देशको कपास या धागो या कपडाबाट ती पहिरन तयार गरिएका हुन् भन्ने विषय प्रधान सरोकारको विषय बन्ने देखिएको छ । यो अभ्यास यत्तिमा मात्र सीमित छैन । ती पहिरन उत्पादन गर्ने उद्योगहरूमा कुन देशका उद्यमीहरूको लगानी छ भन्ने विषयले पनि उत्तिकै सरोकार राख्ने देखिएको छ ।

नेपाल अल्पविकसित मुलुकहरूबाट विकसित मुलुकमा स्तरोन्नति हुँदा अहिले पाइरहेका भन्सार सुविधा र उत्पत्तिको नियममा उपलब्ध छूटहरूमा गुम्ने देखिन्छ । कम्तीमा दुई तहको प्रशोधन भएका उत्पादनहरूमात्र निर्यात गर्न पाउने ईयूका प्रावधानले ती देशमा नेपालको तयारी पोशाकको निर्यात सबैभन्दा बढी प्रभावित हुने देखिन्छ । यस अवस्थामा कपडा आयात गरेर तयारी पोशाक निर्यात हुने सम्भावना छैन । यदि ईयूका देशहरूमा भन्सार सहुलियतमा नेपालका तयारी पोशाकहरू निर्यात गर्ने हो भने कम्तीमा धागो आयात गरी कपडा नेपालमै उत्पादन गरी तयारी पोशाकहरू बनाई निर्यात गर्नुपर्ने हुन्छ ।

उपर्युक्त पृष्ठभूमिमा तयारी पोशाकको निर्यातमा नेपाललाई प्राप्त अवसर र चुनौतीहरूको मिहीन विश्लेषण गरी तयारी पोशाकको समग्र विकासका लागि एकीकृत पहुँचको अवधारणामा रही यस क्षेत्रको सर्वांगीण विकास गर्नु आवश्यक रहेको छ ।

बदलिँदो विश्व परिवेशमा अहिलेका तयारी पोशाकका प्रमुख निर्यातकर्ता मुलुकहरूप्रति विश्वका प्रमुख आयातकर्ता मुलुकहरू अनुदार हुने देखिन्छ । अहिलेको समय त्यस संक्रमणबाट गुज्रिँदै गएको छ । यस संक्रमणकालबाट लाभ लिने गरी नेपालले आफ्नो क्षमता अभिवृद्धि गर्ने पक्षमा दृढताका साथ लाग्नुपर्ने आवश्यकता अहिले झन् टड्कारो भएर आएको छ ।

उक्त अवसरसँग चुनौतीहरू पनि त्यत्तिकै गहन र मननयोग्य छन् । विश्वका प्रमुख आयातकर्ताहरू प्रमुख निर्यातकर्ताका पहिरनको आयातसँग मात्र अनुदार हुने होइन, परन्तु उनीहरूको मूल्य र आपूर्ति शृंखलाप्रति अनुदार हुने लक्षणहरू देखिएका छन् । फलाना देशको कपासबाट उत्पादित कपडामा प्रतिबन्ध लगाउने, अमुक देशको कपडाका निर्मित तयारी पोशाकको आयातमा प्रतिबन्ध लगाउने, अमुक देशका उद्यमीहरूको लगानी भएका तयारी पोशाक उद्योगबाट उत्पादित तयारी पोशाकको आयातमा प्रतिबन्ध लगाउनेजस्ता विषय निकट भविष्यमा प्रबल हुँदै जाने देखिएको छ ।

उपर्युक्त परिवेशमा नेपालमा कपडाका कच्चापदार्थ उत्पादन गर्ने चुनौती सबैभन्दा प्रबल रूपमा विद्यमान रहेको छ । ती उत्पादन पनि वातावरणमैत्री, श्रममैत्री र गुणस्तरमैत्री तथा परिमाणमैत्री हुनुपर्ने छ । यी क्षेत्रमा प्रतिस्पर्धी हुने गरी देशभित्र व्यापक मूल्य शृंखलाको विकास गर्ने चुनौती हाम्रासामु टड्कारो रूपमा देखापरेको छ ।

**विश्वमा तयारी पोशाकका प्रमुख आयातकर्ता देशहरू** ( अर्ब यूएस डलर)

| देश | २०१९ | २०२० | २०२१ | २०२२ | २०२३ |
|---|---|---|---|---|---|
| युएसए | ८७ | ७१ | ८७ | १०५ | ८२ |
| जर्मनी | ३९ | ३७ | ४२ | ४७ | ४१ |
| फ्रान्स | २४ | २१ | २४ | २७ | २६ |
| जापान | २८ | २४ | २४ | २५ | २४ |
| स्पेन | १९ | १६ | १९ | २२ | २० |
| युके | २५ | २३ | २१ | २४ | २० |
| इटाली | १६ | १४ | १६ | २० | २० |
| नेदरल्यान्ड्स | १५ | १३ | १६ | १८ | १६ |
| पोल्यान्ड | ८ | १० | १३ | १३ | १२ |
| द. कोरिया | १० | ९ | ११ | १२ | १२ |

*स्रोत : आईटीसी ट्रेडम्याप*

**विश्वमा तयारी पोशाकका प्रमुख आयातकर्ता देशहरू** ( अर्ब यूएस डलर)

| देश | २०१९ | २०२० | २०२१ | २०२२ | २०२३ |
|---|---|---|---|---|---|
| चीन | १३८ | १२५ | १५७ | १६८ | १५४ |
| बँगलादेश | ४१ | ३६ | ४६ | ५८ | ५० |
| भियतनाम | ३० | २७ | २९ | ३४ | ३० |
| इटाली | २४ | २१ | २५ | २७ | २८ |
| जर्मनी | २४ | २३ | २६ | २६ | २७ |
| टर्की | १६ | १५ | १८ | १९ | १८ |
| फ्रान्स | १२ | १० | १३ | १४ | १५ |
| भारत | १६ | १२ | १५ | १७ | १५ |
| स्पेन | १४ | १२ | १५ | १६ | १४ |
| नेदरल्यान्ड्स | ११ | ११ | १४ | १४ | १४ |

*स्रोत : आईटीसी ट्रेडम्याप*

उपर्युक्त पृष्ठभूमिमा विश्वमा तयारी पोशाकको आयातको प्रवृत्ति आकर्षक रहेको छ । विगत २४ वर्षमा विश्वमा तयारी पोशाकको आयातमा लगभग दुई गुणाले वृद्धि भएको छ । यस अवधिमा सन् २००४मा तयारी पोशाको विश्व आयात २५९ अर्ब यूएस डलर रहेकोमा सन् २०२३ मा सो ४४७ अर्ब यूएस डलर पुगेको छ । आयातको आकर्षक वृद्धिमा विश्वमा तयारी पोशाकका प्रमुख आयातकर्ता मुलुकहरूमा युएसए, जर्मनी, फ्रान्स, जापान, स्पेन, यूके, इटाली, नेदरल्यान्ड्स, पोल्यान्ड, दक्षिण कोरियाजस्ता मुलुकको आयातको योगदान रहे तापनि अन्य साना आयातकर्ता मुलुकहरूको योगदान पनि उल्लेख्य रहेको छ । सुखद विषय भनेको ती सबै मुलुकहरूसँग नेपालको प्रगाढ सम्बन्ध रहेको छ र नेपाली उत्पादनहरूप्रति ती देशमा सरकारी तह र जनस्तरमा बेग्लै सद्भाव रहेको छ ।

विश्वको तयारी पोशाक निर्यातको आयाम भन्ने भिन्न रहेको छ । विश्वका प्रमुख निर्यातकर्ता मुलुकहरूमा चीन, बंगलादेश, भियतनाम, इटाली, जर्मनी, टर्की, फ्रान्स, भारत, स्पेन र नेदरल्यान्ड्स रहेका छन् । यस निर्यातमा एशियाली मुलुक र यूरोपेली मुलुकहरूको बाहुल्य रहेको छ । चीन, बंगलादेश, भियतनाम र भारत एशियाका तयारी पोशाकका प्रमुख खेलाडीका रूपमा रहेका छन् भने यूरोपेली मुलुकहरू इटाली, जर्मनी फ्रान्स, स्पेन, नेदरल्यान्ड्स र टर्की तयारी पोशाकका प्रमुख आपूर्तिकर्ता मुलुकका रूपमा रहेका छन् । सस्तो उत्पादकका लागि ख्याति पाएका एशियाली मुलुकहरू चीन, बंगलादेश, भियतनाम र भारतको विशेषता भन्दा भिन्नै विशेषता बोकेका यूरोपेली मुलुकहरूको तयारी पोशाकको निर्यातमा बहुमूल्य ब्रान्डेड पोशाकको बाहुल्य रहेको छ । यसरी एशिया र यूरोप तयारी पोशाकका भिन्दाभिन्दै विशेषता बोकेका तयारी पोशाकका दुई महत्त्वपूर्ण आपूर्ति केन्द्रका रूपमा रहेका छन् । यसरी हेर्दा नेपाललाई तयारी पोशाकका यी दुवै थरी आयामका रूपमा विकास गर्ने सम्भावना रहेको छ ।

**नेपाली उत्पादनको विशेषताको बारेमा प्रचारप्रसार गर्दै वातावरणमैत्री नैतिक पक्ष सम्बोधन गरेको मूल्यप्रतिस्पर्धी गुणस्तरीय पहिरनहरू पर्याप्त मात्रामा उत्पादन गर्दै ग्राहकले निर्धारण गरेको समयमा आपूर्ति गर्न सक्ने क्षमता प्राप्त गर्ने हो भने पहिरन उत्पादनहरूले नेपालको अर्थतन्त्रमा रहेका थुप्रै नकारात्मक तानाबानाहरूलाई सुल्टाउने क्षमता राख्छ ।**

नेपालको तयारी पोशाकको वर्तमान अवस्था भने भिन्न प्रकारको रहेको छ । तयारी पोशाक नेपालको प्रमुख निर्यातजन्य वस्तुका रूपमा उदाउँदा तयारी पोशाकको आयात भने भीमकाय रहेको छ । आर्थिक वर्ष २००८/०९ को तुलनामा तयारी पोशाकको आयातमा ७ गुणा वृद्धि भएको छ भने तयारी पोशाकको निर्यातमा भने केवल २ गुणामात्र वृद्धि भएको छ । नेपालबाट हुने आयातमा चीनको अंश ७० प्रतिशत रहेको छ भने २८ प्रतिशत पहिरनको आयात भारतबाट हुने गरेको छ । आर्थिक वर्ष २००८/०९मा नेपालको तयारी पोशाकको निर्यात रू. ६ अर्ब १८ करोड र आयात रू. ४ अर्ब ८२ करोड भई नेपाल खुद निर्यातकर्ताको रूपमा रहेको थियो । परन्तु आर्थिक वर्ष (आव) २०१०/११ देखि नेपाल तयारी पोशाकको खुद आयातकर्ता मुलुकका रूपमा देखा पर्दै आव २०२३/२४ मा रू. ११ अर्ब ९९ करोडको निर्यात र ३५ अर्ब १७ करोडको आयातसहित पहिरन क्षेत्रमा नेपालको व्यापारघाटा मात्रै रू. २३ अर्ब १८ करोड पुगेको छ ।

माथि उल्लिखित तथ्यांक र परिवेशले तयारी पोशाकका लागि नेपालभित्र र बाहिर दुवैतर्फ विशाल सम्भावना रहेको छ । आवश्यकता भनेको यी सम्भावनाहरूलाई व्यवहारमा उतार्ने पहिरन उद्योगको समग्र विकासको उपयुक्त अवधारणाको रहेको छ ।

**नेपालको पहिरन व्यापार** (मूल्य रू अर्बमा)

| आर्थिक वर्ष (सन्) | निर्यात | आयात |
|---|---|---|
| २००८/०९ | ६.१७ | ४.८२ |
| २००९/१० | ५.०८ | ४.९६ |
| २०१०/११ | ५.७२ | ६.३७ |
| २०११/१२ | ५.९७ | ७.८५ |
| २०१२/१३ | ६.०० | ८.९९ |
| २०१३/१४ | ८.४३ | ११.२९ |
| २०१४/१५ | ७.९३ | १०.२९ |
| २०१५/१६ | ८.७७ | १२.८७ |
| २०१६/१७ | ७.७४ | १३.४८ |
| २०१७/१८ | ८.२५ | १६.०६ |
| २०१८/१९ | ८.२५ | ३१.८३ |
| २०१९/२० | ६.६४ | २४.०२ |
| २०२०/२१ | ७.८६ | ३०.१० |
| २०२१/२२ | १०.०६ | ३२.९८ |
| २०२२/२३ | ११.४१ | २५.९३ |
| २०२३/२४ | ११.९९ | ३५.१७ |

**विश्वको तयारी पोशाक आयात**

| वर्ष (सन्) | मूल्य (अर्ब यूएस डलर) |
|---|---|
| २००४ | २५९ |
| २००५ | २७६ |
| २००६ | २९९ |
| २००७ | ३२७ |
| २००८ | ३५३ |
| २००९ | ३१६ |
| २०१० | ३४२ |
| २०११ | ३९३ |
| २०१२ | ३७५ |
| २०१३ | ३९१ |
| २०१४ | ४०८ |
| २०१५ | ३९० |
| २०१६ | ३८३ |
| २०१७ | ३९९ |
| २०१८ | ४२८ |
| २०१९ | ४२९ |
| २०२० | ३७६ |
| २०२१ | ४३५ |
| २०२२ | ४९३ |
| २०२३ | ४४७ |

*स्रोतः आईटीसी ट्रेडम्याप*

कुनै जटिल विषयलाई उपमा दिनुपर्दा तानाबाना भन्ने गरिन्छ जुन शब्दको व्युत्पत्ति पहिरन क्षेत्रबाट विकास भएको हो । निश्चय नै यस उद्योगको विकास गर्न पर्दा नेपथ्य र अग्रभाग दुवैतर्फ धेरै तानाबानाहरूको विकास गर्न र सुल्झाउन बेग्लै किसिमको योग्यताको आवश्यकता पर्छ । यी तानाबानाहरूको व्यवस्थापन गर्न कच्चापदार्थदेखि कपडासम्म र स्वदेशी बजार र बाह्य बजारका सबै पक्षको समानुपातिक विकासका लागि कार्य गर्नु आवश्यक हुन्छ ।

कच्चापदार्थ उत्पादनदेखि बाह्य मुलुकमा ग्राहकका घरसम्म नेपाली पहिरनको पहुँच स्थापित गर्न यस गमनपथभित्रका सबै चरणको विकासमा लाग्नु आवश्यक छ । यसका लागि वर्तमान विश्वमा उपयुक्त मानिएको प्राकृतिक रेशाको विषादीरहित उत्पादन, श्रमको सम्मानसहितको कच्चापदार्थ संकलन र प्रशोधन, धागो उत्पादन, कपडा उत्पादन र तयारी पोशाक उत्पादन यी पाँच चरणमा सरकार र निजीक्षेत्रको व्यापक लगानी आवश्यक देखिएको छ । यसै गरी नेपाली उत्पादनलाई मूल्य, परिमाण, गुणस्तर, आपूर्ति समय, नैतिकता प्रतिस्पर्धी बनाउन यी पाँचओटै क्षेत्रा समेत निजीक्षेत्र र सरकारको व्यापक उपस्थिति र लगानी आवश्यक देखिन्छ । माथि भनिएझैं पहिरन क्षेत्रमा आन्तरिक तानाबनाको अतिरिक्त बाह्य तानाबानाहरू पनि उत्तिकै महत्त्वपूर्ण रहेका छन् । ती तानाबाना भनेको पहिरन उद्योगका सहायक उद्योगहरू हुन् । ती उद्योगहरूमा लेबल, प्याकेज सामग्री उत्पादन, टाँक, बटन जिपर, ट्रिम, इम्ब्रोइडरी, मेशिनरी उत्पादन, रंग उत्पादन, प्राकृतिक डाइङ उद्योग तथा मर्मत, जनशक्ति उत्पादनलगायत अनेकौं उद्योग पर्छन् जो पहिरन क्षेत्रमा मेरूदण्डका रूपमा रहेका छन् ।

यसका अतिरिक्त नेपाली उत्पादनको विशेषताका बारेमा प्रचारप्रसार गर्दै वातावरणमैत्री नैतिक पक्ष सम्बोधन गरेको मूल्यप्रतिस्पर्धी गुणस्तरीय पहिरनहरू पर्याप्त मात्रामा उत्पादन गर्दै ग्राहकले निर्धारण गरेको समयमा आपूर्ति गर्न सक्ने क्षमता प्राप्त गर्ने हो भने पहिरन उत्पादनहरूले नेपालको अर्थतन्त्रमा रहेका थुप्रै नकारात्मक तानाबानाहरूलाई सुल्टाउने क्षमता राख्छ ।

*लेखक व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका वरिष्ठ अधिकृत हुन् ।*

सम्पादकीय

# सहकारी प्राधिकरण स्वायत्त होला ?

संविधानले तीनखम्बे अर्थनीतिको एउटा खम्बा मानेको सहकारीमा व्यापक रूपमा समस्या देखिएपछि त्यसलाई नियमन गर्न र बचतकर्ताको पैसा डुब्न नदिन विशेष व्यवस्था आवश्यक भएको सन्दर्भमा सरकारले तीनओटा ऐन संशोधन र एउटा ऐन खारेज गरी 'सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८१' ल्याएको छ । अध्यादेशमार्फत सहकारी ऐन २०७४, नेपाल राष्ट्र बैंक ऐन २०५८ र निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन २०७३ संशोधन गरिएको छ भने राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ खारेज भएको छ । अध्यादेशले बचत तथा ऋण सहकारी संस्थाको नियमनका लागि 'राष्ट्रिय सहकारी नियमन प्राधिकरण' गठन गर्ने व्यवस्था गरेको छ । प्राधिकरण जत्तिको शक्तिशाली हुन्छ त्यति नै सहकारीको सही नियमन हुन्छ तर प्राधिकरण स्वायत्त हुने आधार भने कमजोर देखिन्छ ।

अध्यादेशले सहकारीलाई नियमन गर्न प्राधिकरणका रूपमा काम गर्ने गरी राष्ट्रिय सहकारी नियमन निकाय गठन गर्ने व्यवस्था गरेको छ जसमा राष्ट्र बैंकका निर्देशक र मन्त्रालयको सहसचिव सदस्यका रूपमा रहनेछन् । नियामक निकाय (प्राधिकरण)को मुख्य काम बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता, नियमन, सुपरिवेक्षण, अनुगमन तथा प्रतिवेदन प्रणालीलगायत विषयमा राष्ट्रिय मापदण्ड बनाई कार्यान्वयन गर्ने गराउने, सहकारी संस्थाको सञ्चालन सम्बन्धमा नियामकीय मापदण्ड जारी गर्ने, नियमन, अनुगमन र सुपरिवेक्षण गर्ने, गराउने, उजुरी लिने, प्राप्त उजुरी उपर जाँचबुझ गर्ने र सम्बद्ध संस्थालाई निर्देशन दिने, सहकारी संस्थाहरूको परीक्षण गर्ने गराउने, उजुरीको कारबाही र किनारा गर्दा जिल्ला अदालतलाई भए सरहको अधिकार प्रयोग गर्नेलगायत जिम्मेवारी तोकिएको छ । नियमको पालना नगर्ने सहकारीलाई गर्ने कारबाहीको व्यवस्थासमेत अध्यादेशमा गरिएको छ ।

एकै व्यक्ति एकैपटक एकभन्दा बढी सहकारीको सदस्य हुन नपाउने र भएकोमा १ वर्षभित्र एउटामा मात्र सदस्यता कायम गर्नुपर्ने तथा सहकारीको कार्यकारी पदमा एउटै व्यक्ति दुई

**सहकारीलाई सही बाटोमा लैजान गठन गर्न लागिएको प्राधिकरणले दर्ता शुल्क आदि लिने व्यवस्था गरिएको छैन र उसले स्रोतका लागि सरकार नै गुहार्नुपर्ने देखिन्छ ।**

कार्यकालभन्दा बढी नरहने व्यवस्थासमेत गरिएको छ । स्थानीय तहको सहकारीमा बढीमा १० लाखसम्म, प्रदेश तहको सहकारीमा २५ लाखसम्म र संघीय तहको सहकारीमा ५० लाखभन्दा बढी बचत गर्न नपाउने व्यवस्थासमेत गरिएको छ । बचत तथा ऋणको कारोबार गर्ने प्रत्येक सहकारीले अनिवार्य रूपमा निक्षेप तथा कर्जा सुरक्षण कोषको सदस्यता लिनुपर्ने व्यवस्था गरिएको छ । सहकारी संस्था वा समस्याग्रस्त घोषणा भएको सहकारी संस्थाको सदस्यले जम्मा गरेको ५ लाख रुपैयाँसम्मको बचत पहिलो प्राथमिकतामा राखी भुक्तानी गर्नुपर्ने र त्योभन्दा बढी रकम दामासाहीले फिर्ता हुने व्यवस्था गरिएको छ । सहकारी संस्था वा व्यवस्थापन समितिले सम्पत्ति वा ऋण प्रदान गर्दा लिएको धितो सुरक्षण विक्री गर्नसक्ने व्यवस्था पनि गरिएको छ । कतिपयले सहकारीमा डुबेको ५ लाखसम्मको रकम सरकारले फिर्ता गर्नुपर्ने व्यवस्था नभएकामा अध्यादेशको आलोचना गरेको पनि पाइन्छ । तर, सरकारले यसरी डुबेको रकम फिर्ता गर्न सम्भव हुन्न र त्यो तर्कसंगत पनि हुँदैन ।

अहिले कतिपय सहकारीका सञ्चालकले आफूलाई जेलबाहिर आउन दिए जायजेथा विक्री गरेर बचतकर्ताको रकम तिर्ने बताइरहेका छन् । तर, त्यसो गर्न सकिएको छैन । यस्तोमा अध्यादेशले अदालतमा चलेको सहकारी ठगी तथा अपचलनको मुद्दा विचाराधीन भएको वा फैसला भए पनि मिलापत्र हुने व्यवस्था गरेको छ । यसो भएमा सहकारीको बचत फिर्ता गर्न सहज हुन सक्छ ।

सहकारी अध्यादेशका धेरैजसो प्रावधान उपयुक्त देखिए पनि त्यसको कार्यान्वयन कसरी हुन्छ भन्ने कुराले धेरै अर्थ राख्छ । कानूनी व्यवस्था कार्यान्वयनमा गए त्यसले अहिलेको केही समस्या सम्बोधन गर्न सक्छ । तर, मुख्य कुरा आगामी दिनमा सहकारीका नाममा हुने ठगीलाई रोक्नु अध्यादेशको उद्देश्य देखिन्छ । सहकारीलाई सही बाटोमा लैजान गठन गर्न लागिएको प्राधिकरणले दर्ता शुल्क आदि लिने व्यवस्था गरिएको छैन र उसले स्रोतका लागि सरकार नै गुहार्नुपर्ने देखिन्छ । बैंकहरूको नियमनमा राष्ट्र बैंक जत्तिकै प्राधिकरण स्वायत्त र बलियो भए मात्र सहकारीको सही नियमन हुन सक्छ ।

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## आन्तरिकमा नौ र अन्तरराष्ट्रियमा सातओटा जहाज पुऱ्याउँछु

५ देखि ७ वर्षभित्रमा अन्तरराष्ट्रिय उडानका निम्ति वाइड र न्यारोबडी गरी कम्तीमा पाँचओटा जहाज किन्नुपर्छ । हामीसँग अन्तरराष्ट्रिय उडानका लागि हाल दुईओटामात्र जहाज छन् । त्यसो हुँदा हामीले चाहेजति र गर्नुपर्नेजति अन्तरराष्ट्रिय हवाई उडान गर्न सकेका छैनौं । त्यसैले ७ वर्षभित्रमा अन्तरराष्ट्रिय उडान गर्न सक्ने सातओटा जहाज पुऱ्याउने योजना बनाएको छु । आन्तरिक उडानका लागि पनि नौओटा जहाज हुनुपर्छ । यसमा दुईओटा सुगम गन्तव्य र बाँकी दुर्गम क्षेत्रमा लैजाने योजना बनाएको छु ।

चीनबाट जहाज ल्याउने विषय दुई देशका सरकारबीचको खरीद-विक्री प्रक्रिया हो । निगमको एक्लो पहलमा मात्र जहाज ल्याउन खोजिएको होइन । निगम सरकारको पूर्ण स्वामित्व भएको संस्था भएकै कारण नेपाल सरकारकै पहलमा जहाज अनुदान तथा खरीद प्रक्रिया अगाडि बढेको हो । यसकै पहिलो चरणअनुसार व्यापारिक सम्झौता नै भइसकेको छ ।

**(नेपाल वायु सेवा निगमका महाप्रबन्धक मदन खरेलसँगको कुराकानीबाट)**

**वर्ष ८, अंक ८१, आइतवार २४ मङ्सिर, २०६९**

पाठक पत्र

## नयाँ स्टक एक्सचेन्ज आवश्यक कि स्वार्थ ?

३ सय कम्पनी पनि सूचीकृत नभएको नेपालको शेयरबजारमा नयाँ स्टक एक्सचेन्ज दिने तयारी सरकारले गरेको छ । सरकारी कम्पनी भएकाले राम्रो सुविधा दिन नसकेकाले निजी एक्सचेन्ज ल्याएर प्रतिस्पर्धा गराउन खोजिएको बताइएको छ ।

भारतजस्ता देशमा धेरै वटा एक्सचेन्ज भएको उदाहरण दिएर नेपालमा पनि त्यसै गर्नु कत्तिको जायज हुन्छ भन्न सकिन्न । तर, शेयर बजारमा खुला चलखेल हुँदा पनि कुनै कारबाही गर्न नसक्ने नियामक र सरकार भएको मुलुकमा नयाँ एक्सचेन्ज आए त्यो झनै खतरा हुने देखिन्छ । सरकारले शेयर बजारमा सुधार खोजेको हो भने नयाँ होइन, नेप्सेलाई नै निजीकरण गर्नुपर्थ्यो । नेपाल टेलिकमको सफल मोडल उदाहरण हुँदाहुँदै निजीक्षेत्रलाई भित्र्याउन खोज्नु कुनै पनि हालतमा उपयुक्त होइन ।

अहिले नियामकलाई पैसा खुवाएर एफपीओ, आईपीओ निकालेको र बुक बिल्डिङ गर्दा पैसा खाएको तथ्य बाहिर आएकै छ । अब निजीक्षेत्र आयो भने त्यसले यस्तो विकृतिलाई मलजल गर्नेछ । पारदर्शी र सुशासन भएका भनिएका बैंकहरूमा रहेको विकृति अहिले एकपछि अर्को गर्दै बाहिरिइरहेको छ । यस्तोमा नयाँ एक्सचेन्जले पनि विकृति नै थप्ने आशंका छ ।

हुन त नयाँ स्टक एक्सचेन्ज ल्याउने नल्याउने विषयमा निकै विवाद भएको हो । सरकारले पनि यस विषयमा अध्ययन समितिसमेत बनाएको थियो । त्यसले नयाँ स्टकको बाटो खुला गरेको हो ।

एकथरीको विचारमा संस्थागत सुशासनको उच्च मूल्य मान्यता कायम गर्न नसक्ने पक्षलाई स्टक एक्सचेन्ज सञ्चालन गर्न दिने हो भने समग्र वित्तीय प्रणाली नै जोखिममा पर्ने सम्भावना हुन्छ । समिति नै नयाँ स्टकलाई लाइसेन्स दिनका लागि बनेको थियो, तर लाइसेन्स दिन नमिल्ने भावसहित निष्कर्ष बनेपछि प्रतिवेदनको सुझाव खण्डमा फरक भाषा राखिएको बताइन्छ । हुन त नेप्सेको पुनः संरचना आवश्यक छ भन्नेमा विवाद छैन । नेप्सेको पुनःसंरचना नगरी बजार प्रतिस्पर्धी हुन सक्दैन । यसको पुनःसंरचना गर्न समय लाग्छ । त्यसैले तत्काल नयाँ स्टकलाई लाइसेन्स दिनुपर्छ भन्ने एकथरीको मत रहेको छ ।

नयाँ स्टक एक्सचेन्ज प्रवेश गराउँदा धितोपत्र बजारको विकास विस्तार तथा लगानीकर्ताको हित संरक्षणका दृष्टिकोणले केही मापदण्डहरू तोकी उक्त मापदण्ड पूरा गर्ने कम्पनीलाई मात्र स्टक एक्सचेन्ज सञ्चालन गर्न दिनु उपयुक्त हुन्छ ।

त्यसो त नेप्सेमात्र होइन, बोर्डले रणनीतिक रूपमा आफूलाई सुधार गर्दा कानूनी सुधार, संस्थागत क्षमता विकास सुदृढीकरण, धितोपत्र बजार तथा वस्तु बजारको विकास, जोखिम व्यवस्थापन तथा सुशासन, नियमन तथा सुपरिवेक्षण र लगानीकर्ता शिक्षा तथा सचेतनामा ध्यान दिन आवश्यक छ । बोर्डले प्रणालीगत जोखिमको व्यवस्थापन तथा न्यूनीकरणमा जोड दिनुपर्छ । अहिले लगानीकर्ता शिक्षा तथा सचेतना बढाउन आवश्यक छ । पूँजी बजार साक्षरता प्रवर्द्धन गर्नुपर्छ । लगानीकर्ताको हित संरक्षण गर्नुपर्छ । पूँजी बजार सम्बद्ध प्रभावकारी सूचना सम्प्रेषण गर्नुपर्छ ।

अहिले भइरहेकै सेवा अपर्याप्त रहेको बेला नयाँ एक्सचेन्जको कुरा गर्नु अन्यथा होइन । तर, नेपालमा लाइसेन्स राज छ । सरकार लाइसेन्स बेचेर पैसा कमाउँछ । अनि लाइसेन्स विक्री गर्दा ठूलो भ्रष्टाचार हुन्छ । त्यसैले भ्रष्टाचारकै लागि नयाँ एक्सचेन्जको कुरा ल्याएको भन्नेमा धेरैमा विश्वास पाइन्छ । सरकारले पारदर्शिता अपनाएन भने यसै पनि विकास हुन नसकेको पूँजी बजार झनै बिग्रन सक्छ । अहिले चलखेल भएर शेयर बजारप्रति नै अविश्वास बढिरहेको सन्दर्भमा नयाँ एक्सचेन्जले कसरी काम गर्छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ ।

*दिवस थापा*
*बालाजु, काठमाडौं ।*

## सहकारी अध्यादेश किन ?

सरकारले हतार हतारमा सहकारी अध्यादेश ल्यायो । किन अध्यादेश नै ल्याउनु परेको होला ? सरकारको संसदमा दुईतिहाइ बहुमत छ । उसले जेजस्तो प्रावधान ल्याउँछ त्यो सजिलै पारित हुने अवस्था छ । यस्तो संसद् अधिवेशन बोलाएर सहकारी विधेयक पारित गराउनु उपयुक्त हुन्थ्यो । संसदमा छलफल गर्दा केही समय लाग्न सक्ला तर त्यसले परिपक्व ऐन बनाउँछ । अहिले ल्याएको अध्यादेश पनि संसद्ले पारित नगरे निष्क्रिय बन्छ ।

सरकारले जे कुरामा पनि अध्यादेश ल्याउनु उपयुक्त होइन । अध्यादेश भनेको अप्ठ्यारो समयमा सरकारलाई काम गर्न सजिलो बनाउने मात्रै हो । तर, सरकारले यो अधिकारको दुरुपयोग गरेको छ । कहिले दल फुटाउन त कहिले के स्वार्थका लागि अध्यादेश ल्याउने गरेको छ । कानून बनाउने अंग भनेको संसद् हो । तर, संसद्ले कानून निर्माणमा निकै विलम्ब गरेको छ । अझै कतिपय विधेयक संसद्मा अड्किएर बसेका छन् । यसरी विधेयक अड्काउँदा सरकारले महत्त्वपूर्ण काम गर्न नसकेको अवस्था पनि छ । विश्व समुदायले नेपाललाई नराम्रो मानेको पनि पाइन्छ । उदाहरणका लागि नागरिक उड्डयन प्राधिकरण टुक्र्याउने विधेयकलाई लिन सकिन्छ । यो लामो समयदेखि अड्किएर बसेको छ जसले गर्दा नेपाल यूरोपेली युनियनको कालोसूचीमा पर्दै आएको छ । यही कारण नेपाल वायु सेवा निगमले यूरोप उडान गर्न पाएको छैन । त्यसैले संसद्को ध्यान विधेयक पारितमा हुनु आवश्यक छ ।

*रमेश मिश्र*
*नक्साल, काठमाडौं ।*



तस्वीर : रासस

**कालीकोटको रासकोट नगरपालिकाका भेडापालक किसान उपल्लो भेगमा अत्यधिक चिसो बढेको र भेडालाई चरनको समस्या भएपछि भेडीगोठसहित डोटीको मेल्टातर्फ जाँदै ।**

# रुग्ण उद्योग सञ्चालन गर्न उद्योगी व्यवसायीको आग्रह

नवलपुर (नवलपरासी) । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोटमा भेला भएका उद्योगी व्यवसायीले देशभरका रुग्ण उद्योग पुनः सञ्चालनमा ल्याउन सरकारसँग आग्रह गरेका छन् । यहाँ दुई दिनसम्म सञ्चालन भएको नेपाल उद्योग तथा व्यवसाय महासंघको राष्ट्रिय विस्तारित बैठकले उत्पादन बन्द भई रुग्ण अवस्थाका उद्योग सञ्चालन गर्न सरकारसँग आग्रह गरेको हो ।

भेलाले तयार पारेको नौ बुँदे 'नवलपुर चितवन घोषणापत्र' आइतवार सार्वजनिक गर्दै राष्ट्रिय भेला संयोजक डा. तिलचन्द्र भट्टराईले गैंडाकोटको भृकुटी कागज कारखानालगायत देशभर बन्द अवस्थाका सबै उद्योगलाई सरकार र निजीक्षेत्रको साझेदारी अवधारणामा पुनः सञ्चालनमा ल्याउन सरकारसँग अनुरोध गरे ।

उद्योगी व्यवसायीले राष्ट्रिय पूँजी निर्माण गर्न उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै कानूनसम्मत रूपले व्यवसाय सञ्चालन गर्न चाहे पनि ऐन, कानून र नियमावलीका कारण समस्या भएकाले राज्यले सहज किसिमले समस्या समाधान गरिदिन भट्टराईले आग्रह गरे । राष्ट्रिय पूँजी निर्माण गरी 'समृद्ध नेपाल सुखी नेपाली'को परिकल्पना सार्थक बनाउन नेपालका आर्थिक समृद्धिका प्रमुख स्रोतहरू कृषि, पर्यटन, जलस्रोत, आईटी र खनिज क्षेत्रको विकास र न्यायोचित वितरण गर्नुपर्ने बताए ।

नेपालको धार्मिक पर्यटनको सम्भावना बोकेको देवघाटधाम, नारायणी नदी, त्रिवेणीधामसँगै अयोध्यापुरी र राम जन्मभूमिलगायत क्षेत्रलाई समेटी राष्ट्रिय गौरवको आयोजना सञ्चालन गर्नुपर्ने घोषणापत्रमा उल्लेख गरिएको छ । महत्त्वपूर्ण धार्मिक पर्यटकीय र ऐतिहासिक क्षेत्रमा कुनै पनि फोहरजन्य पदार्थ विसर्जन नगर्ने गरी यसको शुद्धता कायम गर्दै पर्यटकीय आर्थिक क्षेत्रको रूपमा विकास गर्न माग गरिएको छ ।

त्यस्तै, कोरोला नाकासहित गण्डकी कोरिडोरलाई व्यवस्थित गर्न तीन तहकै सरकारसँग आग्रह गरिएको छ । नेपालको उत्तर दक्षिणमा रहेका दुई छिमेकी मुलुक भारत र चीन जोड्ने सबैभन्दा छोटो दूरीको केरुङ रसुवागढी हुँदै माडी ठोरीसम्मको द्रुतमार्ग निर्माण गरी यो क्षेत्रलाई आन्तरिक र बाह्य व्यापारको प्रमुख व्यापारिक केन्द्र (ट्रेडिङ हब) बनाउन घोषणापत्रमार्फत अपिल गरिएको छ । दुई ठूला प्रमुख राजनीतिक दल सहभागी भई निर्माण भएको सरकारले छोटो समयमा नै आर्थिक क्षेत्रमा देखिएको अन्योलग्रस्त अवस्थालाई सकारात्मक दिशातर्फ उन्मुख गराउने गरी आशाका किरण प्रवाह गर्न थालेकोप्रति उद्योगी व्यवसायीले खुशी व्यक्त गरेका छन् । अझै पनि लगानीको वातावरण निर्माण नभइसकेको भन्दै राष्ट्रिय भेलाले आर्थिक गतिविधिमा अवरोध ल्याउने विरोधाभासपूर्ण ऐन कानून र नियमावली संशोधन गर्दै व्यवसायमैत्री कर प्रशासन ल्याउन माग गरेको छ ।

**नेपाल उद्योग तथा व्यवसाय महासंघको राष्ट्रिय विस्तारित बैठकले उत्पादन बन्द भई रूग्ण अवस्थाका उद्योग सञ्चालन गर्न सरकारसँग आग्रह गरेको हो ।**

दुई दिनसम्म चलेको भेलाले उद्योग, व्यवसायका वर्तमानका चुनौती सामना गर्दै अवसरको रूपमा विकास गर्न सक्ने चुस्तदुरुस्त संगठन निर्माण गर्न विधान परिमार्जन गरिएको महासंघका संयोजक भागिरथ सापकोटाले बताए । देशभरबाट करीब ३५० प्रतिनिधि सहभागी भएको भेलाको उद्घाटन नेकपा (एमाले)का महासचिव शंकर पोखरेलले गरेका थिए ।

भेलामा नेकपा एमालेका स्थायी कमिटी सदस्य तथा पूर्वमन्त्री भानुभक्त ढकालले राज्यले अपेक्षा गरेको उद्योग व्यवसायीको भूमिका र संगठन सुदृढीकरणका विषयमा धारणा राखेका थिए । कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीका प्रमुख आर्थिक सल्लाहकार तथा पूर्वअर्थमन्त्री डा. युवराज खतिवडाले तथ्यांकसहित वर्तमान आर्थिक अवस्था, अर्थनीति र मौद्रिक नीतिमा गरिएका सुधारका विषय चर्चा गरेका थिए ।

भेलामा उपस्थित व्यवसायीप्रतिनिधि तथा संघसंस्थाका पदाधिकारीले मुलुकमा व्यवसायीले भोग्नुपरेका समस्याबारे राखेका जिज्ञासा खतिवडाले सहजीकरण गर्दै ऐन, कानून परिवर्तन गर्नुपर्ने विषयमा पहलकदमी लिने आश्वासन दिएका थिए । *रासस*

# सतीघाटमा पक्की पुल नहुँदा नागरिकलाई सास्ती



भोजपुर । भोजपुर-संखुवासभालाई जोड्ने अरुण नदीको सतीघाटमा पक्की पुल नहुँदा स्थानीयलाई समस्या भएको छ । उत्तरी क्षेत्रबाट बाह्य जिल्ला प्रवेश गर्ने मुख्य नाकाका रूपमा रहेको यो स्थानमा पक्की पुल नहुँदा नागरिकले वर्षेनि दुःख भोग्दै आएका छन् ।

वैकल्पिक उपायको रूपमा यहाँ करीब ६ वर्ष अघिबाट फेरी सञ्चालन गरिएको छ । तर, विभिन्न प्राविधिक समस्या, हावाहुरी तथा पानीको बहाव बढेसँगै फेरी बन्द हुने भएकाले समस्या झेल्नुपर्ने स्थानीयवासीको भनाइ छ । अरुण नदीमा पक्की पुल नहुँदा उत्तरी क्षेत्रको व्यापारिक केन्द्रको षडानन्द नगरपालिका र साल्पासिलिछो गाउँपालिकाका नागरिकले वर्षौंबाट समस्या भोग्दै आएका छन् । सतीघाटमा पक्की पुल निर्माणको लागि राज्यले ध्यान दिन आवश्यक रहेको स्थानीयवासी नवीन कार्कीले बताए ।

'अरुण नदीमा पुल नहुँदा सिंगो उत्तरी क्षेत्रका नागरिकलाई समस्या छ,' उनले भने, 'नदीवारि षडानन्द क्षेत्रमा सडक कालोपत्र बन्दै छ । तर, विडम्बना अरुण नदीमा पुल नै छैन । यो नदीमा पुल बनिदिए हाम्रो क्षेत्रको विकासमा टेवा पुग्ने थियो ।' बर्खा समयमा पानीको बहाव बढेपछि पूर्ण रूपमा फेरी बन्द हने भएकाले झोलुंगे पुलबाट नै आवतजावतसँगै पिठ्यूँमा बोकेर सामान ओसार्नुपर्ने बाध्यात्मक अवस्था रहेको उनको भनाइ छ ।

'सतीघाटमा पुल बन्छ भन्ने आशामा लामो समय बित्यो,' उनले भने, 'हालसम्म उत्तरी क्षेत्रबाट यो अरुण नदीको कुनै पनि स्थानमा पक्की पुल छैन । सवारीसाधन तार्ने सबैभन्दा ठूलो विकल्प नै यही फेरी हो । यो पनि वर्षा शुरू भएपछि बन्द हुन्छ ।'

यहाँ २०७६ सालबाट फेरी सञ्चालनमा आएको हो । विभिन्न प्राविधिक समस्याका कारण यो पनि बेलाबेलामा बन्द हुने गरेको छ । पानीको बहाव बढेपछि भने फेरी पूर्णरूपमा बन्द हुने स्थानीयवासीको भनाइ छ । नियमित रूपमा भने करीब ६/८ महीना मात्र फेरी सञ्चालन हुने गरेको छ । हिउँदको समयमा नदी पार गराउन बिहान ७ बजेबाट बेलुका १० बजेसम्म फेरी सञ्चालन हुने गरेको छ । हाल यही फेरीको सहायताबाट षडानन्द नगरपालिका र साल्पासिलिछो गाउँपालिकाका वासिन्दा बाह्य जिल्ला आवतजावत गर्दै आएका छन् । फेरीले तत्कालीन समस्या समाधानमा केही राहत मिले पनि यो स्थायी समाधान नभएको षडानन्द नगरपालिका प्रमुख सुरेन्द्रकुमार उदासले बताए । यहाँ पक्की पुल निर्माणको लागि पहलकदमी गरिरहेको प्रमुख उदासको भनाइ छ । *रासस*

# चिसोले बिरामी बढे

चितवन । चिसोका कारण जिल्लाका अस्पतालहरूमा बिरामीको संख्या बढेको छ । पछिल्ला दिनमा चिसोका कारण हुने रोगको समस्या लिएर अस्पताल आउनेको संख्या बढेको अस्पतालहरूले बताएका छन् । मुख्य गरी अस्पतालका मेडिसिन, बालरोग र हाडजोर्नी विभागमा बिरामीको संख्या बढेको छ । अस्पतालहरूमा बिरामीको चाप बढ्दै गएपछि चिकित्सकले चिसोबाट बच्न आग्रह गरेका छन् ।

भरतपुर अस्पतालका वरिष्ठ फिजिसियन डा. प्रमोद पौडेलका अनुसार उनको विभागमा दैनिक आउने बिरामीमध्ये २० प्रतिशतमा चिसोका समस्या देखिएको छ । उनले भने, 'चिसोका कारण रुघा, खोकी, ज्वरो, दम बढ्ने, घाँटी दुख्नेजस्ता समस्याका बिरामी बढेका छन् ।'

मुटुको समस्या र उच्च रक्तचापका बिरामीले चिसोमा हिँड्न उचित नहुने उनको भनाइ छ । हिँड्नै परेमा न्यानो कपडा लगाउने, नाक, मुख, टाउको घाँटी छोपेर, हातमा पन्जा लगाएर हिँड्न उनले सुझाए ।

भरतपुर अस्पतालका बालरोग विशेषज्ञ डा. खेमराज पौडेल अस्पतालमा उपचारका लागि आएका बालबालिकामध्ये ७० प्रतिशतमा चिसोको समस्या देखिएको बताउँछन् । चिसोका कारण बालबालिकामा रुघा, खोकी, निमोनिया, छालाको समस्या बढी देखिएको उनले जानकारी दिए । यसैगरी जोर्नी दुखाइका बिरामीको संख्या पनि अस्पतालमा बढेका छन् । *रासस*

# सिँचाइ पुगेपछि भेंडाबारीको गौचरनमा तोरीखेती



नवलपुर (नवलपरासी) । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोट-११ मा पर्ने भेंडाबारी फाँटमा सिँचाइ सुविधा पुगेपछि यहाँको पहिचान विस्तारै फेरिँदै गएको छ । केही वर्ष अगाडिसम्म हिउँदमा सुक्खा भएर गौचरनका रूपमा प्रयोगमा आउने उक्त फाँट अहिले तोरीले पहेँलपुर भएको हो ।

पहिलो स्थानीय तहको निर्वाचन २०७४ बाट निर्वाचित भएर आएका जनप्रतिनिधिको प्रयासले विस्तारै यस ठाउँमा परिवर्तन देखिन थालेको स्थानीय बताउँछन् । गैंडाकोट नगरपालिकाले यहाँको जमिनमा सिँचाइ सुविधा पुऱ्याउन बोरिङ गाड्ने र कुलो बनाउने काम गरेसँगै परिवर्तन आएको हो ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट चैतेधानको पकेट क्षेत्रका रूपमा परेको यो ठाउँ धानजोनमा परिणत हुन लागेको गैंडाकोट नगरपालिकाका प्रमुख मदनभक्त अधिकारीले जानकारी दिए । यहाँ बोरिङ र सिँचाइको व्यवस्था गर्दै दुई बाली (वर्षमा दुईपटक) धान फल्ने वातावरण सृजना गरिएको उनले बताए ।

'धानसँगै तोरी पनि उत्पादन गर्न तोरी पकेट क्षेत्र बनाउन हामीले यो वर्ष तोरीमा लगानी गरेका छौं,' नगरप्रमुख अधिकारीले भने, 'कृषकलाई करीब ४०० बिघामा तोरी खेती गर्न ५० प्रतिशत अनुदानमा बीउ वितरण गरेका छौं ।' नगरपालिकाले यहाँको खेतबारीमा सिँचाइ सुविधासँगै बीउमा अनुदान दिँदा पूरै फाँटमा तोरी फुलेर पहेँलै भएको उनले बताए ।

भेंडाबारीमा चैतेधानसँगै बर्खेधान पनि लहलह झुल्दै आएको अधिकारीले बताए । पालिकाले निरन्तर रूपमा सिँचाइको व्यवस्था गरेको भन्दै पालिकाले सहयोग गरेकाले किसान पनि उत्साहित भएर धान, तोरी, विभिन्न जातका तरकारी र सागसब्जी खेती गरिरहेका उनले उल्लेख गरे ।

भेंडाबारीको केही क्षेत्रमा अझै सिँचाइ नपुगेको र यस वर्षको बजेटले भत्किएको बाँध मर्मत तथा थप बोरिङ निर्माणको व्यवस्था गरिएको नगरप्रमुख अधिकारीले बताए । 'हामीले क्रमशः अन्य वडामा खेती विस्तार गर्दै ठूला बोरिङहरू निर्माण गर्ने योजना बनाएका छौं,' उनले भने, 'नमूनाका लागि वडा नम्बर ११ मा उन्नत जातको तोरीको बीउ वितरण गरिएको छ । उत्पादन राम्रो भएमा तोरी खेतीलाई अझै विस्तार गरेर लैजाने योजनामा छौं ।'

तोरीको उत्पादनअनुसार पालिकाले बजारीकरणमा सघाउने नगरप्रमुख अधिकारीले जानकारी दिए । यहाँ उत्पादन हुने खाद्यान्न सामग्री विक्री वितरणका लागि समस्या नभएको भन्दै पालिकाभित्रै ठूला मिलहरूसँग समन्वय गरिने उनले उल्लेख गरे । गैंडाकोट-११ का वडाध्यक्ष गोविन्दप्रसाद सुवेदीले यसअघिका वर्षमा भेंडाबारीमा तोरी खेती थोरैमात्रामा हुने गरेकामा पछिल्लो समय सिँचाइ सुविधा पुगेपछि विस्तार हुँदै गएको बताए । 'केही किसानले लगाउने सबै तेरीखेतीमा लाइ कीरा लागेर उत्पादन नहुने अवस्था थियो,' उनले भने, 'भेंडाबारी फाँटमा हिउँदको समयमा पानी हुँदैनथ्यो । अहिले सिँचाइ पुगेपछि हिउँदमा पनि फाँट हराभरा भएको छ ।'

स्थानीय तह निर्वाचन २०७४ पछि यस ठाउँलाई परिवर्तन गर्नुपर्छ भन्ने सोचका साथ वडा र स्थानीय कृषक समूहको संयुक्त प्रयासमा हरेक वर्ष कुलो पक्की बनाउने र थप्ने, कुलोको छेउमा बाटो, बत्ती र पानी पुऱ्याउने योजनामा पालिकासँग समन्वय गरी अघि बढिएको वडाध्यक्ष सुवेदीले बताए ।

गैंडाकोट-११ की कृषक चन्द्रकला महतोले २५० किसानले ४०० बिघा क्षेत्रफलमा तोरी खेती गरेको बताइन् । पहिला स्थानीय प्रजातिको तोरी खेती गरिने गरिएकामा नगरपालिकाको ५० प्रतिशत अनुदानमा 'मोरङ-२' र 'उन्नत' जातका बीउ दिएपछि त्यसकै खेती गरिएको उनको भनाइ छ ।

केही वर्षदेखि यहाँ तीन बाली अन्न उब्जनी हुने गरेको र किसानलाई फाइदा हुँदा खेती गर्ने क्षेत्रफल र किसानको संख्या बढ्दै गएको महतोले बताइन् । तोरी उत्पादन राम्रो भएकाले व्यावसायिक तोरी खेतीतर्फ आफूहरू आकर्षित भएको उनको भनाइ छ ।

उत्पादन भएको अन्नबालीको बजारीकरणमा नगरपालिका र वडा कार्यालयले समन्वय गरिरहेकाले समस्या नभएको भन्दै कृषक समूहले विक्रीको प्रबन्ध गरिदिने महतोले बताइन् । बालीमा दिइने अनुदानका कार्यक्रमले किसानलाई खेतीतर्फ प्रोत्साहन गरिरहेको उनले अनुदान कार्यक्रमलाई बढाउँदै लैजानुपर्नेमा जोड दिइन् ।

यस वर्ष गैंडाकोट नगरपालिकाको भेंडाबारी ब्लकमा ४०० बिघासँगै पालिकाभित्र करीब २ हजार बिघा क्षेत्रफलमा तोरी खेती गरिएको छ । पालिकाले यस वर्ष ४०० बिघा क्षेत्रफलमा तोरीको बीउमा अनुदान दिएको छ । गैंडाकोट-११ लाई केन्द्रमा राखेर १२, १४ र १५ लाई पनि समेट्दै खेती विस्तार गर्ने तयारी गरिएको पालिका कार्यालयले जनाएको छ । *रासस*

**बाँकी पृष्ठ १ बाट ...**

### वित्तीय सहकारी ...

मन्त्रालयका सचिव पोखरेल भने सहकारीमा एउटै व्यक्तिले करोडौं रकम जम्मा गरेको र त्यसमा सम्पत्ति शुद्धीकरणको समेत आशंका भएकाले सीमा तोक्नुपरेको तर्क गर्छन् । हाल तोकिएको सीमा कार्यान्वयन गर्दा सहकारीलाई अप्ठ्यारो परिस्थिति आएमा पुनरवलोन गर्न सकिने भन्दै कार्यान्वयनअघि नै विरोध गर्नु उचित नभएको उनले बताए ।

सहकारीबाट रकम फिर्ता नपाएको भन्दै सर्वसाधारणले गरिरहेको आन्दोलनका कारण पनि सरकारलाई सहकारी नियमनमा कडाइ गर्न दबाब बढेको छ । गतसाता मात्र सर्वोच्च अदालतमा परेको एक मुद्दामा प्रगति विवरण पेश गर्न सरकारलाई आदेश भएको छ । सचिव पोखरेल प्राधिकरणले काम गर्न थालेपछि सहकारीको समस्या समाधान गर्न सजिलो हुने दाबी गर्छन् । 'अहिले समस्यामा भएका सहकारीबाट पैसा फिर्ता हुन केही समय लाग्ला,' उनले भने, 'तर, नयाँ संस्था समस्यामा पर्न र सदस्यको बचत ठगिनबाट भने जोगाउन सकिन्छ ।'

अध्यादेशमा सहकारीलाई कर्जा सूचना केन्द्र र बचत तथा कर्जा सुरक्षण कोषमा आबद्ध गराउने व्यवस्था गरिएको छ । यसबाट सहकारीमा रहेको बचत सुरक्षित हुने र ऋण नतिर्ने प्रवृत्तिलाई कारबाहीको दायरामा ल्याउन सकिने सरकारी अधिकारीहरूको भनाइ छ ।

### लघुबीमा कम्पनीलाई ...

उनका अनुसार प्राधिकरणले आईपीओका लागि सैद्धान्तिक सहमति प्रदान गरेका कम्पनीहरूले आईपीओ निष्कासन प्रक्रिया अघि बढाएका छन् । लामिछानेका अनुसार पहिलो वार्षिक साधारणसभा सम्पन्न गरी प्राधिकरणबाट आईपीओ निष्कासनका लागि सैद्धान्तिक सहमति पाएका कम्पनीहरूले दोस्रो वार्षिक साधारणसभा सम्पन्न गर्नुअघि नै सर्वसाधारणमा शेयर निष्कासन तथा बाँडफाँट गरी पूँजी चुक्ता गर्नुपर्ने हुन्छ ।

बीमाक्षेत्रका जीवन र निर्जीवन बीमा कम्पनीले कायम गर्नुपर्ने चुक्तापूँजी फरकफरक रहे पनि लघुबीमा क्षेत्रका जीवन र निर्जीवनतर्फका कम्पनीलाई भने समान ७५ करोड रुपैयाँ चुक्तापूँजी कायम गर्नुपर्नेछ । हाल सबै लघुबीमा कम्पनीको चुक्तापूँजी ५२ करोड ५० लाख रुपैयाँ छ । आईपीओपछि लघुबीमा कम्पनीहरूको चुक्तापूँजी ७५ करोड रुपैयाँ कायम हुनेछ । बीमा कम्पनीहरूको नियामक निकाय नेपाल बीमा प्राधिकरणले लाइसेन्स प्रदान गरेकै समयमा ७० प्रतिशत संस्थापकबाट र ३० प्रतिशत सर्वसाधारणबाट पूँजी कायम गर्न कम्पनीहरूलाई निर्देशन दिएको थियो । लामिछानेका अनुसार ट्रष्ट माइक्रो इन्स्योरेन्स सञ्चालनको १ वर्ष पूरा हुन बाँकी रहेकाले सैद्धान्तिक सहमति नदिइएको हो ।

यो कम्पनी २०८० साल चैत ९ गतेदेखि सञ्चालनमा आएको हो । कारोबार सञ्चालनको १ वर्ष पूरा हुन बाँकी रहेको कम्पनीले २०८१ असार २२ गते सम्पन्न पहिलो वार्षिक साधारणसभामार्फत आईपीओ निष्कासनको प्रस्ताव पारित गरिसकेको छ ।

गार्डियन माइक्रो लाइफ इन्स्योरेन्सले गत साउन २४ गते धितोपत्र बोर्डमा निवेदन दिएकोमा मङ्सिर ७ गते बोर्डबाट अनुमति प्राप्त गरेको हो । बोर्डको स्वीकृति प्राप्त गरी पहिलो चरणमा वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि शेयरको प्रारम्भिक निष्कासन तथा बाँडफाँट गरिसकेको कम्पनीले सर्वसाधारणका लागि पुस २१ गतेदेखि निष्कासन गर्दै छ । नियामकको निर्देशनबमोजिम पूँजी बढाउन दबाबमा रहेका कम्पनीको सम्बन्धमा बोर्डले प्राथमिकताका साथ सहजीकरण गर्ने धितोपत्र बोर्डका प्रवक्ता निरञ्जय घिमिरेले बताए ।

'रोकिएका सार्वजनिक निष्कासन प्रक्रिया अघि बढाउने काम भइरहेकाले नियामकीय निर्देशन पालना गर्न सार्वजनिक निष्कासनको स्वीकृति माग गर्ने कम्पनीलाई प्राथमिकतामा राखिनेछ,' उनले आर्थिक अभियानसँग भने । लामो समय नेतृत्वविहीन अवस्थामा बोर्ड रहँदा सार्वजनिक निष्कासन प्रक्रिया प्रभावित हुँदै आएको थियो । गत महीना बोर्डमा सन्तोषनारायण श्रेष्ठ अध्यक्ष नियुक्त भएका छन् । 'अबका दिनमा बोर्डले सार्वजनिक निष्कासन स्वीकृति प्रक्रिया यथाशीघ्र अघि बढाउनेछ,' घिमिरेले भने ।

### पोखरा फाइनान्स ...

यस्तो कारबाही भएको कम्पनीलाई राष्ट्र बैंकले थप निक्षेप दायित्व नबढाउन, खराब कर्जा उठाउन र खर्च घटाउन निर्देशन दिन सक्ने प्रावधान छ ।

राष्ट्र बैंक स्रोतले शीघ्र सुधारात्मक कारबाहीको चरणमा उक्त फाइनान्स कम्पनी रहे पनि राष्ट्र बैंकले व्यवस्थापन नै नियन्त्रणमा लिने अवस्था भने तत्काल नरहेको बतायो । शीघ्र सुधारात्मक कारबाही गर्दा पनि अवस्था नसुध्रेपछि पुस १० गते राष्ट्र बैंकले कर्णाली विकास बैंकलाई समस्याग्रस्त घोषणा गरी व्यवस्थापन आफ्नो हातमा लिएको छ ।

यसैबीच लामो समयदेखि समस्याग्रस्त शेयर मार्केटस् एन्ड फाइनान्सको व्यवस्थापन समितिको एक सदस्य नियुक्तिको प्रक्रिया पनि राष्ट्र बैंकले अघि बढाएको छ । यसका लागि चार जनाको संक्षिप्त सूची राष्ट्र बैंकले प्रकाशित गरेको छ ।

**Arun Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Pyauli, Bhojpur**
**Koshi Pradesh, Nepal**
**Date of Publication: 31st December, 2024**

1. **Arun Rural Municipality, Bhojpur, Koshi Pradesh. Nepal, invites electronic bid** only from Nepalese eligible bidders for the **following works under** National Competitive Bidding (NCB) procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office at **Arun Rural Municipality 03, Bhojpur** or may visit Arun Rural Municipality **Website at: https://www.arunmun.gov.np/** or PPMO website at: **www.bolpatra.gov.np/egp.**

| S. N. | Contract ID | Descriptions | Estimated Amount (With VAT and PS) | Bid Document Cost NRs | Last date of bid submission | Bid opening date | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|---|---|
| 1. | NCB/06/RW/ARUN/081/082 | Upgrading of Falitar Yaku Road (CH:1+500 to 2+500) | 49,60,045.16 | 3,000.00 | 12:00 Hrs of 31st January 2025 | 14:00 Hrs of 31st January 2025 | 1,40,000/- |

**Chief Administrative Officer**

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लघुबीमा समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ भदौ २० |
| २ | नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ भदौ २४ |
| ३ | प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ असोज २० |
| ४ | स्टार माइक्रो इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ मङ्सिर ९ |
| ५ | लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ मङ्सिर २० |

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लघुवित्त समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड | ८०,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० माघ २४ |

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लगानी समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | बरूण इन्भेष्टमेण्ट लिमिटेड | २,४७५,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८० पुस २५ |
| २ | सिड इनर्जी लिमिटेड | १,५९८,५०० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८० चैत ४ |
| ३ | शिवम होल्डिङ्ग्स लिमिटेड | ११,६००,००० | २१० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८१ जेठ २९ |

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका उत्पादन तथा प्रशोधन समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | एक्कर्ड फर्मास्यूटिकल्स लिमिटेड | ७०६,९०९ | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०७९ पुस ४ |
| २ | जगदम्बा स्टिल्स लिमिटेड | २०,०७०,००० | ३०० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८० असोज १७ |
| ३ | एसवाई प्यानल नेपाल लिमिटेड | ५,२३२,५४८ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असोज १९ |
| ४ | शौर्य सिमेन्ट इण्डष्ट्रिज लिमिटेड | १५,९८१,५०० | २६४.५१ | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० पुस १२ |
| ५ | मारूती सिमेन्ट्स लिमिटेड | ११,६००,००० | ३७७ | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० पुस २६ |
| ६ | स्मार्ट डोर्स लिमिटेड | ३०६,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ वैशाख ३ |
| ७ | ओम मेगाश्री फर्मास्यूटिकल्स लिमिटेड | १,८००,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ वैशाख २३ |
| ८ | पाल्पा सिमेन्ट इण्डष्ट्रिज लिमिटेड | ७,५००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ वैशाख २३ |
| ९ | लक्ष्मी टेक्नो प्लाष्ट लिमिटेड | १,०००,००० | १०० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ जेठ २१ |
| १० | श्री डिष्टिलरी लिमिटेड | ९६०,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ असार १ |
| ११ | सोपन फर्मास्यूटिकल्स लिमिटेड | १,१००,००० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ असार ३० |
| १२ | भुगर्भ सिमेन्ट लिमिटेड | १,२६२,५०० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ भदौ १३ |
| १३ | रिद्धिसिद्धि सिमेन्ट लिमिटेड | १२,१७१,५०० | २१४.१० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ असोज १८ |
| १४ | सागर डिष्टिलरी लिमिटेड | ७९२,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ असोज २१ |
| १५ | अम्बे स्टिल्स लिमिटेड | ११,१९२,७२७ | ३०३ | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ कात्तिक ७ |

# उत्पादन तथा प्रशोधन समूहका ६ कम्पनीको लाभांश घोषणा

काठमाडौं (अस) । नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत उत्पादन तथा प्रशोधन समूहका ९ कम्पनीहरूमध्ये ६ कम्पनीले गत आर्थिक वर्ष (आव) २०८०/८१ सम्मको मुनाफाबाट लाभांश वितरण गर्ने प्रस्ताव गरेका छन् । युनिलिभर नेपाल, बोटलर्स नेपाल (तराई), नेपाल ल्यूब आयल, हिमालयन डिष्टिलरी, सर्वोत्तम सिमेन्ट र शिवम् सिमेन्ट्सले गत आवको मुनाफाबाट लाभांश वितरण गर्ने प्रस्ताव गरेका छन् । लाभांश घोषणा गरेका कम्पनीहरूमध्ये केही कम्पनीले साधारणसभाबाट लाभांश पारित गराइसकेका छन् ।

युनिलिभर नेपाल बाहेक बाँकी सबै कम्पनीको लाभांशदर आव २०७९/८० को तुलनामा २०८०/८१ मा घटेको छ । युनिलिभर नेपालले गत वर्ष १५८० प्रतिशत नगद लाभांश दिएकोमा यस वर्ष १७१४ प्रतिशत नगद लाभांश दिएको हो । यो लाभांश साधारणसभाबाट पारित भइसकेको छ ।

त्यस्तै, बोटलर्स नेपाल (तराई)ले गत आवको मुनाफाबाट शेयरधनीलाई ५० प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ । यो प्रस्ताव पारितका लागि कम्पनीले पुस २६ मा साधारणसभा बोलाएको छ । साधारणसभा तथा लाभांश वितरण प्रयोजनार्थ कम्पनीले पुस १९ गते बुक क्लोज गर्ने जनाएको छ । यस बुक क्लोजको आधारमा पुस १८ गतेसम्म कायम शेयरधनीले साधारणसभामा भाग लिन र लाभांश पाउनयोग्य हुनेछन् ।

त्यस्तै, नेपाल ल्यूब आयलले प्रस्तावित लाभांश साधारणसभाबाट पारित गरिसकेको छ । कम्पनीले गत आवको मुनाफाबाट शेयरधनीलाई २० प्रतिशत बोनस शेयर र ५ प्रतिशत नगद लाभांश (कर सहित) गरेर कुल २५ प्रतिशत लाभांश दिएको हो ।

| कम्पनीको नाम | २०८०/८१ को लाभांश (%) | | | २०७९/८० को लाभांश (%) | | |
|---|---|---|---|---|---|---|
| | बोनस शेयर | नगद लाभांश | कुल लाभांश | बोनस शेयर | नगद लाभांश | कुल लाभांश |
| युनिलिभर नेपाल | | १,७१४ | १,७१४ | | १,५८० | १,५८० |
| बोटलर्स नेपाल (तराई) | | ५० | ५० | | ६० | ६० |
| नेपाल ल्यूब आयल | २० | ५ | २५ | २५ | ५ | ३० |
| हिमालयन डिष्टिलरी | १५ | ५ | २० | १० | १५ | २५ |
| सर्वोत्तम सिमेन्ट | ७ | ३ | १० | | १५ | १५ |
| शिवम् सिमेन्ट्स | ८.५५ | ०.४५ | ९ | १४.२५ | ०.७५ | १५ |

स्रोतः कम्पनीले प्रकाशन गरेको सूचना

हिमालयन डिष्टिलरीले गत आवको मुनाफाबाट १५ प्रतिशत बोनस शेयर र ५ प्रतिशत नगद लाभांश (कर सहित) गरेर कुल २० प्रतिशत लाभांश प्रस्ताव गरेको हो । यो प्रस्ताव पारितका लागि कम्पनीले पुस २८ गते साधारणसभा बोलाएको छ । कम्पनीले साधारणसभा तथा लाभांश वितरण प्रयोजनार्थ पुस १९ मा बुक क्लोज गर्दैछ । यस आधारमा पुस १८ गतेसम्म कायम शेयरधनीले साधारणसभामा भाग लिन र लाभांश पाउन योग्य हुनेछन् ।

**• युनिलिभर बाहेक बाँकी कम्पनीको लाभांशदर घट्यो**
**• तीन कम्पनीले लाभांश नदिने**

सर्वोत्तम सिमेन्टले गत आवको मुनाफाबाट ७ प्रतिशत बोनस शेयर र ३ प्रतिशत नगद लाभांश (कर समेत) गरि कुल १० प्रतिशत लाभांश प्रस्ताव गरेको हो । यो प्रस्ताव पारितका लागि कम्पनीले पुस २६ मा साधारणसभा बोलाएको छ । यस कम्पनीको बुक क्लोज भइसकेको छ ।

त्यस्तै, शिवम् सिमेन्ट्सले गत आवको मुनाफाबाट ८ दशमलव ५५ प्रतिशत बोनस शेयर र शून्य दशमलव ४५ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको हो । यो प्रस्ताव पारितका लागि कम्पनीले पुस २९ गते साधारणसभा बोलाएको छ । साधारणसभा तथा लाभांश प्रयोजनार्थ कम्पनीले पुस १७ गते बुक क्लोज गर्दैछ । यस बुक क्लोजको आधारमा पुस १६ गते (आज)सम्म कायम शेयरधनीले साधारणसभामा भाग लिन र लाभांश पाउन योग्य हुनेछन् ।

**तीन कम्पनीले लाभांश नदिने**

सूचीकृत ९ कम्पनीहरूमध्ये तीन कम्पनीले भने गत आवको मुनाफाबाट कुनै पनि लाभांश नदिने भएका छन् । लाभांश नदिनेमा बोटलर्स नेपाल (बालाजु), घोराही सिमेन्ट इण्डष्ट्री र सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेड रहेका छन् । यी तीनओटै कम्पनीले पुस मसान्तभित्रै साधारणसभाको मिति तय गरेका छन् । बोटलर्स नेपाल (बालाजु)ले पुस २६ मा, घोराही सिमेन्टले पुस २७ मा र सोनापुर मिनरल्स्ले पुस २९ मा साधारणसभा बोलाएका हुन् ।

**उत्पादन तथा प्रशोधन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ पुस १४)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | युनिलिभर नेपाल लिमिटेड | ४५७५० | ५६८०५.८ | ३८३०० |
| २ | बोटलर्स नेपाल (बालाजु) लिमिटेड | १६३४१.६ | २३७६५.६ | ६२३५.५ |
| ३ | बोटलर्स नेपाल (तराई) लिमिटेड | १४०५० | १८१०० | ११७०० |
| ४ | हिमालयन डिष्टिलरी लिमिटेड | १३६६ | १८१९ | ११४० |
| ५ | सर्वोत्तम सिमेन्ट लिमिटेड | ७१७ | १०८३ | ५५६ |
| ६ | शिवम् सिमेन्ट्स लिमिटेड | ५५५ | ७७९.९ | ४५९ |
| ७ | घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड | ४९२.१ | ६६८ | ४४६.३ |
| ८ | सोनापुर मिनरल्स् एण्ड आयल लि. | ४५४ | ६२४ | ४०६.१ |

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

नेपाल एसबिआई बैंक लिमिटेड
प्रधान कार्यालय, कमलादी, काठमाण्डौं, नेपाल
पो.ब.नं. ६०४९, फोन नं. ०१-५९७०३३३
SWIFT : NSBINPKA

## धितो सूरक्षणमा रहेको चल/अचल सम्पत्तिहरूको गोप्य शिलबन्दीद्वारा लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना

प्रकाशित मिति २०८१/०९/१६ गते

यस बैंकको **शाखा कार्यालय सिन्धुलीमाढी, सिन्धुली**बाट ऋण/कर्जा लिनु हुने तपसिलको ऋणीहरुले लिएको ऋण/कर्जाको साँवा, व्याज र अन्य दैदस्तूर बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा बैंकलाई तिर्न बुझाउन लिखित एवं मौखिक तरताकेता गर्नुको साथै राष्ट्रिय दैनिक पत्रपत्रिका मार्फत ऋण/कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सो को बेवास्ता गरी बैंकलाई तिर्न बुझाउन पर्ने रकम बुझाउन नआएकोले कर्जा लिंदाको बखत सुरक्षणमा लेखि दिएको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

बैंकको कर्जा सुरक्षण स्वरुप रहेको तपसिलमा उल्लेखित सम्पत्ति (चल/अचल) लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं वा शाखा कार्यालयहरुमा आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । तोकिएको समयभित्र बैंक समक्ष प्राप्त बोलपत्रहरु मिति २०८१/१०/२४ गते, दिनको ३:०० बजे बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौंमा खोलिनेछ कथम कदापि उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट बोलपत्रहरु खोलिनेछ । उक्त दिन र समयमा उपस्थित हुनुहुन बोलपत्रवालाहरु साथै कर्जा सुरक्षण वापत बैंकको नाममा घर/जग्गा धितोबन्धक पारित गरिदिनुहुने धितो धनी तथा ऋण कर्जाको जमानी दिनु हुने तपसिलका उल्लेखित व्यक्तिहरु लगायत ऋणसँग सम्बन्धित सम्पूर्ण पक्षहरुलाई समेत यसै सूचनाद्वारा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि सूचना प्रकाशित गरिएको जानकारी गराउँदछौं । बोलपत्र फारम यस बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं तथा शाखा कार्यालयहरुबाट रु. १०००.०० (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ । बोलपत्रको सम्पूर्ण शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । लिलाम बिक्री हुन लागेको सम्पत्तिको विस्तृत विवरण बुझ्न चाहेमा यस बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं वा शाखा कार्यालयहरुमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ ।

**तपसिल**

**१. कर्जा शिर्षक : क्यास क्रेडिट कर्जा (एम.एस.एम.ई.)**

**ऋणी**

**नाम : दुधौली मेडिकल हल**
